# यूहन्नाको सुसमाचार

## येशूको व्यक्तिगत शिक्षाहरू

फ्रेड मौरीसद्वारा व्यक्तिगत वा समुहमा अध्ययन गर्नको लागि तयार पारिएको बाइबल शिक्षा टिप्पाणी

Manna Publications

## सुसमाचार यूहन्ना भाग १

अध्यय १ देखि ११

## अगुवा वा पाठकको लागि

यी बाइबल टिप्पाणीहरूले परमेश्वरको वचनको सत्यतालाई यस्तो प्रकारले वर्णन गरिएको छ कि सबैजनाले सजिलोसँग पढ्न र बुझ्न सकोस्। यी वचनहरू अनुवाद गर्नको लागि पनि सजिलो हुन्छन्। तपाईंहरूले यी पुस्तकहरूलाई प्रयोग गर्दै आफैले व्यक्तिगत रुपमा र अरुहरूसँग समुहमा बाइबललाई अध्ययन गर्नको लागि प्रयोग गर्न सक्नुहुन्छ। सम्भव भएसम्म प्रत्येक व्यक्तिले उसको वा उनको आफ्नै किताब र बाईबल हुनुपर्छ।

### अब यसलाई पढ्नुहोस्:

जहाँ तपाईंले यसलाई देख्नुहुन्छ, यसको अर्थ हो, सँधै तपाईं वा तपाईंको समुहको अगुवाले यो किताबमा भएका शब्दहरू भन्दा अगाडि बाइबलको खण्डलाई पढ्नुपर्छ।

### यसको बारेमा कुरा गर्नुहोस्:

जहाँ, तपाईंले यसलाई देख्नुहुन्छ, समुहमा सोध्न सकिने प्रश्नहरू हुन्छन्। यी प्रश्नहरूले पनि पाठकलाई बाइबलको पदहरूलाई सम्झिनको लागि सहायता गर्दछ।

### यसलाई बिचार गर्नुहोस्:

जहाँ, तपाईंले यो देख्नुहुन्छ, तब त्यहाँ रहेका प्रश्नहरूको लागि अलि बढी समय र व्यक्तिगत अध्ययन मग्नता चाहिन्छ।

### यसको बारेमा प्रार्थना गर्नुहोस्:

जहाँ यो देख्नुहुन्छ, तब तपाईंले पढ्नु भएका कुराहरूलाई बुझ्न र तपाईंले पढेको कुरालाई प्रयोग गर्नको लागि परमेश्वरसँग सहायता माग्नुहोस्।

### शिक्षण पेटीकाको बारेमा नियमहरू:

जहाँ तपाईंले यसलाई देख्नुहुन्छ तब यी बाकस भित्र बाइबल लेखिएको बेलामा विश्वासीहरूको लागि र आजका विश्वासीहरूको लागि अतिरिक्त जानकारीहरू दिइएको हुन्छ।


### कृतज्ञताहरू:

बाइबलका पदहरू नयाँ अन्तराष्ट्रिय संसोधित सँस्कारण पवित्र बाइबलबाट निकालिएको छ र यी पदहरू अन्तराष्ट्रिय बाइबल सोसाईटीको सँस्करण १९९६, १९९८ मा अधिकार निहित छ। त्यति खेर **Hodder & Stoughton Ltd, जो Hodder Headline Group** समुहका सदस्य थिए उहाँहरूको अनुमतिमा प्रकाशन गरिएको थियो। सम्पूर्ण अधिकार निहित छ। यसलाई अनलाईनमा हेर्नको लागि www.biblestudytools.com/nirv जानुहोला।

**चित्रहरू © Global Recording Network (GRN) को अनुमतिमा प्रयोग गरिएको छ।**



यूहन्ना भाग १ मन्ना बाइबल शिक्षाण टिप्पणी २००८, २०१५, २०२२ मा अधिका निहित छ।

सम्पूर्ण अधिकार फ्रेड मरीस, मन्ना प्रकाशन (अमेरीका) इन्कर्पोरेटमा निहित छ।



यो पहिलो प्रकाशन युकेमा २०१५ मा गरिएको थियो।

परमेश्वरले हामीलाई यी शिर्षकहरू तल उल्लेखित देशहरूमा प्रकाशन गर्नको लागि सक्षम बनाउनु भएको छ।

पुनःछपाई २०१८ क्यामरुन (अँग्रेजी), बरकिना फासो (फ्रान्सेली भाषा)

पुनःछपाई २०१९ जाम्बिया (अँग्रेजी), क्यामरुनमा (फ्रान्सेली भाषा)

पुनःछपाई २०२१ जाम्बिया (अँग्रेजी),

पुनःछपाईः २०२२ः केन्य (अँग्रेजी), जाम्बिया (अँग्रेजी), मेक्सीको (स्पेनिश)

पुनःछपाई २०२३ः जाम्बिया (अँग्रेजी), डिआर कङ्गगो (फ्रेन्च, किलुबा), नेपाल (नेपाली)

# यूहन्नको सुसमाचारः भाग १, अध्यय १ देखि ११
# परिचय

बाइबलमा दुईवटा महान व्यक्तिहरूको नाम युहन्ना थिए, बप्टिस्मा यूहन्ना वा बप्तिस्मा दिने यूहन्ना र चेला यूहन्ना वा प्रेरित। यो पुस्तक प्रेरित यूहन्नाले लेखेका हुन। उहाँ येशूको चेला हुनुहुन्थ्यो। चेला भनेको सिक्ने र पछि लाग्ने व्यक्ति हो। प्रेरित भनेका परमेश्वरको सन्देश लैजाने व्यक्ति अर्थात दुत हो।

प्रेरित यूहन्ना माछा मार्नेका छोरा थिए। उहाँको आमा येशूलाई समर्थन गर्ने मध्ये एक हुनुहुन्थ्यो (मत्ती २७:५५-५६)। उहाँ अन्य प्रेरितहरू भन्दा लामो समयसम्म बाँचे। उहाँले यी शब्दहरू येशू स्वर्गमा आरोहण भएको लगभग ५० वर्ष पछि लेख्नु भएको थियो।

यूहन्नाको पुस्तक येशूको बारेमा अन्य पुस्तकहरू भन्दा फरक छ र उहाँको पुस्तकले येशूको व्यक्तिगत शिक्षाहरू विस्तृत रुपमा वर्णन गर्दछ। यूहन्ना, येशूको सबैभन्दा नजिकका मित्र र चेला थिए। त्यसैले उहाँले हामीलाई येशू र परमेश्वरको सत्यताको गहिरो ज्ञान वा बुझाई दिन्छ।

यूहन्नाले हामीलाई येशूलाई चिनेर परमेश्वरलाई चिन्न मद्दत गर्दछ। उहाँका लेखहरूले येशूलाई हाम्रो पापको लागि मर्न पठाउनु भएको बारेमा परमेश्वरको प्रेमको व्याख्या गर्दछ।

जब तपाईंले यूहन्नाका पदहरू पढ्नुहुन्छ, पवित्र आत्माले तपाईंलाई अगुवाई  गर्नुहुनेछ। हामीले सुन्न तयार हुनुपर्छ। यी पदहरू ईसाई बाइबलको भाग हुन्। हाम्रो लागि परमेश्वरको सत्यता यहि हो, जसले हाम्रो जीवनशैली, अहिले र सदाको लागि परिवर्तन गर्न सक्नुहुन्छ।

## चारवटा सुसमाचार मत्ती, मर्कूस, लूका र यूहन्ना

येशूको बारेमा अन्य तीनवटा सुसमाचारको पुस्तकहरू पनि छन्, जुन मत्ती, मर्कूस र लूकाद्वारा लेखिएका हुन्। तिनीहरूले येशूको जन्म, शिक्षा र कामहरूको बारेमा बताएका छन्। उहाँहरूले हाम्रो पापको दण्डको रुपमा उहाँको मृत्यु भएको र परमेश्वरले उहाँलाई फेरि कसरी जिवित बनाउनु भयो भनेर पनि भन्दछ।

प्रेरित **युहन्नाले** येशूको जन्मको बारेमा उल्लेख गरिएका छैनन्।  विश्वासीहरूलाई पढ्नको लागि लुका र मत्तीको पुस्तक भने धेरै वर्ष अघि लेखेका थिए। **यूहन्नाले** बिशेष गरी येशूको नयाँ शिक्षालाई लेखेका छन्।

**मतीले** उहाँको पुस्तक योसेफ र मरियमबाट शुरु गर्दछ। मरियमको कोखमा भएका बालक येशू परमेश्वरको छोरा हुनुहुन्थ्यो भनेर उनीहरूलाई थाहा थियो। यसले योसेफ र मरियमले कसरी दुष्ट राजा हेरोदबाट येशूलाई बचाउनु भयो भनेर भन्दछ। मत्तीले येशूको बप्तिस्मा र शैतानबाट उहाँलाई गरेको परीक्षाको बारेमा बताउँदछ।

**लुकाले** आफ्नो पुस्तक येशू र बप्तिस्मा दिने यूहन्नाको आश्चर्यपूर्ण जन्म बाट शुरु गर्दछ। यसले येशू ८ दिनको हुनुहुँदा मन्दिरमा के भएको थियो भनेर भन्दछ। यस बाहेक उहाँ १२ वर्षको हुँदा के भएको थियो ? भनेर पनि भन्दछ। (लुका १:२६ देखि २:५२)

**मर्कुस**ले वप्तिस्मा दिने यूहन्नाले गरेको सुसमाचार प्रचारको सेवाकाईबाट शुरु गर्दछ। यूहन्नाले येशूको सेवाकाईको लागि मार्ग तयार पार्दछ।

## बाइबल पढाइः यूहन्ना १:१-१३

# येशू परमेश्वर र सृष्टिकर्ता हुनुहुन्छ

युहन्नाले येशूको बारेमा सबै जनाले थाहा पाएको चाहन्थ्यो। उहाँले भन्नुभयो, "आदिमा वचन थियो " (यूहन्ना १:१), "वचन" येशूको लागि यूहन्नाले दिएका नामहरू मध्ये एउटा नाम हो।। यसको अर्थ, "आवाज" वा "परमेश्वरको वचन" हुन्छ। यूहन्नाले भन्नुभयो, "वचन परमेश्वरसँग हुनुहुन्थ्यो र वचन परमेश्वर नै हुनुहुन्थ्यो।"

संसारको सृष्टि भन्दा अघि शूरुवातबाटै येशू परमेश्वरको साथमा हुनुहुन्थ्यो। (यूहन्ना १:२; १७:५), यूहन्नाले भन्नुभयो, " हरेक कुराहरू उहाँद्वारा नै बनिएका थिए। (१:३)"

खीष्टियनहरूले सर्वशक्तिमान पिता, पुत्र र पवित्र आत्मा हुनुहुन्छ भन्ने कुरामा  विश्वास गर्छन्। (मत्ती २८:१९) हामी यसलाई त्रिएक परमेश्वर भन्दछौँ, एकमा तीन। बाइबलले हामीलाई पवित्र त्रिएकले संसारको शूरुवातमा के गर्नुभयो भनि बताउँदछ। यसमा भनिएको छ, "मानिसलाई आफ्नै स्वरुपमा, हाम्रै प्रतिरुपमा बनाऔं।" (उत्पत्ति १:२६)

# येशू जीवन र ज्योति हुनुहुन्छ

येशूले सबै थोकहरू सृष्टि गर्नूभयो। त्यसैले उहाँ नै जीवन हुनुहुन्छ। त्यो जीवन सबै मानिसहरूको लागि ज्योति थियो; (यूहन्ना १:४)। येशू पापबिना बालकको रुपमा जन्मिनको लागि स्वर्ग छोड्नु भयो। यसरी, परमेश्वरको पुत्र हामीसँग बस्न मानिसको रुपमा आउनुभयो। उहाँ २००० वर्ष पहिले छोटो समयको लागि स्वर्गबाट आउनुभयो। उहाँ पापको अँध्यारो संसारमा जीवन र ज्योतिको रुपमा आउनुभयो। उहाँ हामीलाई सही र गलत थाहा गर्नलाई मदत गर्न आउनुभयो।

येशूको शिरको वरिपरि कुनै विशेष किसिमको प्रकाश थिएन। यूहन्नाले जुन ज्योतिको बारेमा भनेका थिए, त्यो त्यस्तो खालको प्रकाश थिएन। येशू हामीलाई पापको अन्धकारबाट बचाउन आउनुभयो।  उहाँको ज्योति अन्धकार भन्दा बलियो छ (१:५)। उहाँको ज्योतिले शैतानको अन्धकारलाई जित्दछ। उहाँको ज्योति परमेश्वरको सत्यता हो, जसले नयाँ जीवन दिनुहुन्छ।

यदि हामीले पापको अन्धकारमा हिंड्नलाई  छनौट गर्छौं भने, हामीले खीष्टको जीवन ग्रहण गर्दैनौं। न त हामीले खीष्टको ज्योतिको बारेमा बुझ्छौं।

**यूहन्नाले येशूलाई वर्णन गर्न प्रयोग गरेका नामहरूः**

- परमेश्वरको वचन वा आवाज (१:१-२, १४)
- परमेश्वरको जीवन वा स्वाभाव (१:४; १४:६)
- संसारको ज्योति (१:४-५,९; ८:१२)
- एक मानव (१:४, फिलिप्पी २:६-८)
- परमेश्वरका छोरा (१:१४,३४; ३:१६-१७)
- येशू खीष्ट, यहूदी मसीह (१:४१)
- परमेश्वरको थुमा (१:२९)
- परमेश्वरको विशेष अभिषिक्त जन (१:२६-३०)
- मानिसको पुत्र (३:१३)
- जीवनको रोटी (६:३५,४८)
- असल गोठालो (१०:११)
- पुनरुत्थान र मृत्यु पछिको जीवन (११:२१)

येशूको हिब्रू नाम येशूआ हो जसको अर्थ मुक्तिदाता हो।

**हिब्रूको पुस्तकका लेखकले हामीलाई बताउँछन्:** प्राचीन कालमा हाम्रा पितापुर्खाहरूसँग अगमवक्ताहरूद्वारा धैरै र बिभिन्न किसिमले परमेश्वर बोल्नुभयो। तर यी आखिरी दिनहरूमा उहाँ आफ्ना पुत्रद्वारा हामीसँग बोल्नुभएको छ। पुत्रलाई नै उहाँले सवै कुराका उतराधिकारी नियुक्त गर्नुभयो, उहाँद्वारा नै समस्त सृष्टि रच्नु पनि भयो । उहाँ नै परमेश्वरका महिमाको प्रतिबिम्ब र परमेश्वरकै स्वाभावको वास्तवविक प्रतिरुपम हुनुहुन्छ र सम्पूर्ण विश्वलाई आफ्नो शक्तिको वचनले सम्हाल्नुहुन्छ। पापको शुद्धि गर्नुभएपछि महिमित परमेश्वरको दाहिने बाहुलीपट्टि उच्च स्थानमा उहाँ बिराजमान हुनुभयो। जसरी उहाँले प्राप्त गर्नुभएको नाउँ स्वर्गदूतहरूका भन्दा उतम छ, त्यसरी नै उहाँ तिनीहरूभन्दा अझ उच्च ठहरिनुभयो। (हिब्रु १:१:४)

## बप्तिस्मा दिने यूहन्नाले येशूको लागि बाटो तयार पार्नुहुन्छ :

२000 वर्ष भन्दा अघि, एकजना अर्को मानिस परमेश्वरबाट आएको थियो। उहाँ बप्तिस्मा दिने यूहन्ना हुनुहुन्थ्यो र पुरानो नियममा परमेश्वरद्वारा घोषणा गरिएका अगमवक्ताहरू मध्ये अन्तिम अगमवक्ता हुनुहुन्थ्यो (१:६) उहाँ इस्राएलका मानिसहरूलाई परमेश्वरबाट एउटा विशेष सन्देश ल्याउन आउनु भएको थियो। उहाँले इस्राएलको मसिह येशूको लागि बाटो तयार गर्नुभयो। यो प्रतिज्ञा पुरानो नियमका लेखहरूमा धैरै पहिले दिइएको थियो। (मलाकी ३:१ ; यशैया ४०:३)

बप्तिस्मा दिने यूहन्ना येशूको साक्षीको रुपमा आउनु भयो। (यूहन्ना १:७) परमेश्वरले उहाँलाई बोल्नको लागि महान शब्दहरू दिनुभयो। (मत्ती ३:१–३) येशू मसीह वा ख्रीष्टलाई ग्रहण गर्न उहाँ मानिसहरूको हृदय तयार पार्न आउनुभयो।

बप्तिस्मा दिने यूहन्ना परमेश्वरबाटको ज्योति थिएनन, तर यसको साक्षी थिए (यूहन्ना १:७–८), उहाँले मानिसहरूलाई येशूतिर डोऱ्याउनुभयो। येशू साँचो ज्योति हुनुहुन्छ । (१:९) येशू मार्फत, सबै मानिसहरूले सर्वशक्तिमान परमेश्वरको बारेमा सत्य कुरा जान्न सक्छन। येशूद्वारा, हामीले मुक्ति पाएका छौं। (प्रेरित १६:३१)

येशू आफ्नै इस्राएलका मानिसहरूकहाँ आउनुभयो। उहाँ यहूदी भएर जन्मनुभयो तर धैरै यहूदीहरूले नै उहाँलाई चाहनुभएन। (१:१०–११) त्यस समयमा धैरै धार्मिक अगुवाहरू उहाँको विरुद्धमा लागे। कतिपयले उहाँलाई मार्न चाहन्थे।

यद्यपि, उहाँलाई आफ्नो मुक्तिदाताको रुपमा ग्रहण गर्नेहरूलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुहुन्छ। (१:१२) गैर यहुदीहरू पनि यसमा समावेश छन्। येशूले उहाँलाई पछयाउने सबैलाई क्षमा गर्नुहुन्छ। उहाँले तिनीहरूलाई परमेश्वरको सन्तान बन्न सक्षम बनाउनुभयो। परमेश्वरले यो वरदानलाई पापबाट मुक्तिदाताको रुपमा येशूमा विश्वास गर्ने सबैलाई प्रतिज्ञा गर्नुभयो। तिनीहरू परमेश्वरसँग नयाँ जीवनमा फेरि जन्मेका छन्। (१:१३)

**यूहन्नाले येशूको बारेमा विश्वास गरेको सत्य कुराहरू:**

- येशू परमेश्वर हुनुहुन्छ (१:१)
- येशू परमेश्वरसंग हुनुहुन्छ। (१:१)
- संसारको सृष्टि हुनु अघि सुरुमा नै येशू हुनुहुन्थ्यो। (१:१–२)
- परमेश्वरले सबै थोक येशूद्वारा सृष्टि गर्नुभयो (१:३)
- येशूले उहाँमा विश्वास गर्ने सबैजनाको लागि अनन्त जीवन ल्याउनुभयो। (१:४ ; १यूहन्ना ५:११)
- उहाँको जीवनले सबै मानिसहरूलाई परमेश्वरको ज्योति ल्याउँछ। (१:४)
- परमेश्वरबाटको उहाँको ज्योति संसारको सबै अन्धकार भन्दा शक्तिशाली छ। (१:५ ; ८:१२)

परमेश्वरको प्रतिज्ञामा विश्वास गरेर, हामी उहाँको परिवारमा सामेल भएका छौं। यो आमाको गर्भमा भएको पानीबाटको शारीरिक जन्म होइन।

यो परमेश्वरको पवित्र आत्माद्वारा आत्मिक जन्म हो र पानीको बप्तिस्माद्वारा यसको प्रमाणीकरण गर्दछ।

**यसको बारेमा कुरा गर्नुहोस्:**

१. मत्ती, मर्कूस र लूकाले लेखेका पुस्तकहरू भन्दा यूहन्नाको पुस्तक कसरी फरक छ?

२. किन येशूले स्वर्ग छोडेर मानिस बन्नु पर्‍यो?

३. तिनीहरू परमेश्वरका सन्तान हुन् भनी कसले दाबी गर्न सक्छ ? (यूहन्ना १:१२-१३)

**यसको बारेमा सोच्नुहोस्:** यूहन्नाले येशूको बारेमा भनेको के बुझ्नु भयो ? हामीले परमेश्वरलाई येशूद्वारा व्यक्तिगत रुपमा कसरी चिन्न सक्छौं ?

## बाइबल पढाईः यूहन्ना १:१४-५१

## हामीलाई परमेश्वर देखाउन येशू स्वर्गबाट आउनुभयो

प्रेरित यूहन्नाले येशू र उहाँकी आमालाई राम्ररी चिनेका थिए। यूहन्नाका वचनहरू सत्य छन्। उनले यी वचनहरू येशूको बारेमा लेखेका थिएः अनि वचन देहधारी हुनु भयो र हामीमा  बास गर्नुभयो, हामीले उहाँको महिमा, पिताबाट एकमात्र पुत्रको महिमा, अनुग्रह र सत्यताले भरिएको देख्यौँ। (१:१४)

परमेश्वर, पिता कस्तो हुनुहुन्छ भनेर देखाउनको लागि येशू खीष्ट सँसारमा आउनुभयो। उहाँ आफ्नो पिताको अनुग्रह र सत्यले भरिपूर्ण हुनुहुन्थ्यो। (१:१४)

येशू स्वर्गबाट आउनुभयो र पृथ्वीमा जिउनु भयो। उहाँ हामी जस्तै शरीरमा मानिसको रुपमा जिउनु भयो। उहाँले मानिसको रुपमा दुःख भोग्नुभयो, र मानिसको रुपमा मर्नुभयो। तब परमेश्वर पिताले उहाँलाई मृत्युबाट बौरी उठाउनु भयो र उहाँलाई आफ्नो दाहिने हात पट्टि बसाउनु भयो। सबै विश्वासीहरूले स्वर्गमा परमेश्वरको पुत्रसँग अनन्त जीवनको आनन्द लिन सकून् भनेर उहाँले यो गर्नुभयो। (३:१६) यो हाम्रो मुक्तिदाता येशू मार्फत सर्वशक्तिमान परमेश्वरको प्रेम र मुक्तिको योजना हो।

## बप्तिस्मा दिने यूहन्नाको उद्देश्य

यूहन्नाले उहाँको विषयमा गवाही दिँदै उच्च स्वरले भने, “उहाँ त्यही व्यक्ति हुनुहुन्छ, जसको विषयमा मैले भने मपछि आउनुहुने मभन्दा उच्च हुनुहुन्छ, किनभने उहाँ मभन्दा अघिबाटै हुनुहुन्थ्यो” (१:१५)।

बप्तिस्मा दिने यूहन्ना एक महान अगमवक्ता हुनुहुन्थ्यो। यद्यपि, येशू धेरै महान हुनुहुन्थ्यो। उहाँ प्रतिज्ञा गरिएको मसिह वा खीष्ट हुनुहुन्थ्यो।

प्रेरित यूहन्नाले भनेका छन्, कि येशूद्वारा हामीले धेरै आशिषहरू पाएकाछौं। परमेश्वरको अनुग्रह असीमित छ। मोशाद्वारा हामीलाई व्यवस्था दिइयो। अनुग्रह र सत्यता येशू खीष्टले हामीलाई दिनुभयो; (१:१६-१७)। येशूद्वारा प्राप्त भएको परमेश्वरको अनुग्रह र सत्यता ठूलो आशिष् हो। यो मोशाको व्यवस्थाद्वारा प्राप्त भएको परमेश्वरको अनुग्रह र सत्यता भन्दा ठूलो छ।

प्रेरित यूहन्नाले यो पनि भने कि कसैले पनि परमेश्वरलाई देखेको छैन। त्यसपछि यूहन्नाले दोर्‍याउँछ कि येशूले हामीलाई परमेश्वर कस्तो हुनुहुन्छ भनेर देखाउनु भएको छ (१:१८)।

धर्मगुरुहरूले बप्तिस्मा दिने यूहन्ना को थिए भनेर जान्न चाहन्थे (१:१९)। तिनीहरूले उहाँलाई यर्दन नदीमा प्रचार गर्दै र मानिसहरूलाई बप्तिस्मा दिइरहेको भेट्टाए। उहाँले भन्नुभयो, "म ख्रीष्ट होइनँ" (१:२०)।

तिनीहरूले उहाँलाई बारम्बार सोधीरहे, "तिमी को हौ?" (१:२१-२२)। यूहन्नाले रोमी शासकहरूमा समस्या ल्याउनेछन् कि ? भनेर तिनीहरू चिन्तित थिए।

यूहन्नाले उनीहरूलाई ऊ प्रतिज्ञा गरिएको मसीह होइनन भनेर बताए। उहाँ मोशा वा एलिया जस्तो पनि होइन भनेर भने। उहाँले तिनीहरूलाई यशैया अगमवक्ताका वचनहरूद्वारा जवाफ दिनुभयो। "म उजाडस्थानमा कराउने एक व्यक्तिको आवाज हुँ। परमप्रभुको मार्ग तयार पार" (१:२३, यशैया ४०:३)।

धर्मगुरुहरूले यशैयाका वचनहरू थाहा पाएका थिए। यद्यपि, तिनीहरूसँग यूहन्नाका लागि थप प्रश्नहरू थिए (१:२५)।

यूहन्नाले तिनीहरूलाई जवाफ दिए, "म त पानीले बप्तिस्मा दिन्छु, तर तिमीहरूका माझमा एक जना खडा हुनुहुन्छ, जसलाई तिमीहरू चिन्दैनौ। म पछि आउनुहुने उहाँ नै हुनुहुन्छ, म उहाँको जुत्ताको फित्ता खोल्ने योग्यको छैंन।" (१:२६-२७) यूहन्नाले भनेको अर्थ परमेश्वरको अभिषिक्त जन, व्यक्ति, मसीह र येशू ख्रीष्ट हो। मानिसहरूले येशूलाई पछ्याएको परमेश्वर चाहनुहुन्छ भन्ने यूहन्नालाई थाहा थियो। यूहन्ना महान् सन्देशवाहक थिए तर उनी आफ्नो लागि कुनै महिमा चाहँदैनथे।

## यूहन्ना भन्नुहुन्छ कि येशू परमेश्वरको थुमा हुनुहुन्छ

जब बप्तिस्मा दिने यूहन्नाले भोलिपल्ट येशूलाई देखे, उहाँले भन्नुभयो, "हेर! संसारको पाप उठाइ लैजाने परमेश्वरका थुमा।"(१:२९)

यहुदीहरूले परमेश्वरको आराधनामा बलिदानको लागि कुनै खोट नभएका भेडाहरू प्रयोग गर्ने गर्थ्यो। यो पापहरू क्षमा गर्नको लागि आवश्यकता थियो। परमेश्वरले आफ्नो छोरालाई संसारका पापहरूको लागि कुनै दोष बिना अन्तिम बलिदानको रुपमा अर्पण गर्नुभयो। यसैकारण येशूलाई कहिलेकाहीं परमेश्वरको थुमा भनिन्छ। ख्रिष्टियानहरू धेरै पटक "हामी थुमाको रगतले बचेका छौं।" भनेर पनि भन्दछन्।

### येशूको बप्तिस्मा

मत्ती र मर्कूसले लेखेका बाइबलका पुस्तकहरूले हामीलाई येशूको बप्तिस्माको बारेमा बताउँदछन्।

जब यूहन्नाले मानिसहरूलाई बप्तिस्मा दिदै हुनुहुन्थ्यो, तब येशू पनि आउनु भएर यूहन्नासँग उहाँलाई बप्तिस्मा दिनको लागि अनुरोध गर्नुभयो (मत्ती ३:१३-१५)। येशूले पापको क्षमाको लागि बप्तिस्मा लिनुभएको थिएन। उहाँले पश्चात्ताप गर्नु पर्ने आवश्यकता पनि थिएन, किनकि उहाँमा कुनै पाप थिएन (हिब्रू ४:१५)। यद्यपि, येशूले यूहन्नाद्वारा बप्तिस्मा लिनु सही थियो भनि बताउनु भयो। यो अरुले हेर्न आवश्यक थियो।

जब येशू पानीबाट बाहिर आउनुभयो, तीनवटा कुरा भए (१:१०-११):

- ☐ स्वर्ग उघ्रियो
- ☐ पवित्र आत्मा तल ओर्लनुभयो र येशूमाथि बस्नु भयो।
- ☐ अनि स्वर्गबाट एउटा आवाज आयो, "तिमी मेरो छोरा हौ र म तिमीलाई प्रेम गर्छु। म तिमीसगँ अति प्रसन्न छु।"

त्यो क्षणदेखि, यूहन्नाले पूर्णरुपमा विश्वास गरे कि येशू साँच्चै इस्राएलको मसीह, परमेश्वरको अभिषिक्त व्यक्ति, ख्रीष्ट हुनुहुन्छ।

बप्तिस्मा दिने यूहन्नाले येशू उहाँ भन्दा धेरै महत्त्वपूर्ण हुनुहुन्छ भनेर धेरै पटक दोहोऱ्याउनु भयो। येशू समयको सुरुदेखि नै हुनुहुन्थ्यो। (१:३०)

यहून्नालाई परमेश्वरले मानिसहरूलाई पानीले बप्तिस्मा दिन पठाउनु भएको थियो। परमेश्वरले इजरायललाई येशू तिनीहरूका मसीह र मुक्तिदाता हुनुहुन्छ भनी देखाउन चाहनुहुन्थ्यो। तिनीहरूले परमेश्वरलाई चिने तर परमेश्वरको पुत्रलाई चिनेनन् (१:३१)। यहून्नाले येशूलाई बप्तिस्मा दिए। यहून्नाले तिनीहरूलाई भने, "मैले आत्मालाई ढुकुर जस्तै स्वर्गबाट तल आएको देखे। आत्मा येशूमा रहनुभयो....पवित्र आत्माले बप्तिस्मा दिनुहुने उहाँ नै हुनुहुन्छ।" (१:३१-३३)

जब हामीले येशू खीष्टलाई हाम्रो मुक्तिदाताको रुपमा ग्रहण गर्छौं, तब परमेश्वरले हामीलाई पवित्र आत्मा दिनुहुन्छ। हामी परमेश्वरका सन्तान बन्छौं।

बप्तिस्मा दिने यूहन्नाले येशूको बारेमा आफ्नो गवाहीलाई यी शब्दहरूद्वारा समाप्त गरे, "मैले यो भएको देखेको छु र गवाही दिएको छु कि परमेश्वरको पुत्र उहाँ नै हुनुहुन्छ।" (१:३४)।

**येशूको रगतमा पाप क्षमा गर्ने शक्ति छ**

पुरानो नियमको व्यवस्थामा, पापीहरूलाई बलिदान गरिएको रगतद्वारा शुद्ध गरिन्थ्यो। रगत नबगाईन कसैलाई क्षमा गर्न सकिदैन। (हिब्रु ९:२२) यहूदीहरूले भेडाहरू सवै किसिमले शुद्ध वा खोट नभएका भेडाहरू बलि चढाउँथ्यो। (गन्ती २९:१७) येशू खीष्ट सदाको लागि पाप हटाउन मर्न आउनुभयो। (यूहन्ना १:२९) क्रुसमा बगाएको निर्दोष रगतको बलिदान संसारको सबै पापहरू हटाउन पर्याप्त थियो। उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने विश्वास गर्नेहरूका लागि यो कुरा त्यतिबेला जति साँचो थियो र आज र सधैंभरि सत्य रहनेछ। (हिब्रू ९:१२) येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्नुहुन्छ भनी प्ररित यूहन्नाले लेखेका छन्। (१ यूहन्ना १:७)

येशू पवित्र र पापरहित हुनुहुन्छ। उहाँ संसारको पाप हटाउन मर्नुभयो। उहाँ परमेश्वरको थुमा' हुनुहुन्छ। उहाँ हरेक तरिकामा सिद्ध हुनुहुन्थ्यो। अब उहाँ मात्र हुनुहुन्छ जसले पापलाई क्षमा गर्न सक्नुहुन्छ। यो येशूको रगतद्वारा सम्भव छ। परमेश्वरको थुमाको रगतमा शक्ति छ (प्रकाश १२:११)। हामी थुमाको रगतद्वारा बचाइएका छौं।

# येशूले आफ्ना चेलाहरू छान्नुहुन्छ

भोलिपल्ट, बप्तिस्मा दिने यूहन्नाले आफ्ना दुई घनिष्ठ साथीहरूलाई येशूको बारेमा बताए (१:३५)। उहाँले तिनीहरूलाई फेरि भन्नुभयो, "हेर, परमेश्वरका थुमा" (१:३६)। त्यसपछि तिनीहरूले येशूलाई उहाँको चेलाको रुपमा पछयाउन थाले। यूहन्नाको उद्देश्य र सेवाकाइ अब पूरा भएको थियो। उहाँका साथीहरूले येशूलाई पछयाएकोमा उहाँ खुसी हुनुहुन्थ्यो।

येशूले फर्केर हेर्नुभयो, र तिनीहरूलाई पछिपछि आइरहेका देखेर तिनीहरूलाई सोध्नुभयो, तिमीहरू के खोज्दैछौ? यी शब्दहरू प्रेरित यूहन्नाले लेखेका येशूका पहिलो शब्दहरू हुन्। येशूले तिनीहरूलाई बोलाउनु भयो,"मसँग आउ र हेर"(१:३९)।

दुई जना चेलाहरूले बाँकी दिन येशूसँग कुरा गर्दै बिताए (१:३९)। तिनीहरूले येशूलाई पछ्याएर आफ्नो जीवनमा परमेश्वरको शान्ति, उद्देश्य र शक्ति पाउन थाले। चेलाहरूमध्ये एक जना अन्द्रियास थिए। अन्द्रियास आफ्नो भाइ खोज्न दौडे। अन्द्रियासले सिमोनलाई भने, "हामीले मसीहलाई भेट्टाएका छौं (जो खीष्ट हुनुहुन्छ)। त्यसपछि उनले आफ्नो भाइलाई येशूसँग भेटाउन ल्याए। (१:४१)

येशूले सिमोनलाई भन्नुभयो, एक दिन उनी पत्रुस भनेर चिनिनेछ, जसको अर्थ हो, बलियो चट्टान। (१:४२) सिमोन (पत्रुस) जसले पछि संसारभरि इसाई विश्वासीहरूको समूह सुरु गर्न मद्दत गरे। (मत्ती १६:१८; एफिसी २:२०) जुन मण्डली निमार्णको काम हो।

अर्को दिन, येशूले फिलिपलाई उहाँको पछि लाग्न बोलाउनुभयो (यूहन्ना १:४३)। फिलिप, अन्द्रियास र सिमोन (पत्रुस) बेथसेदाका थिए (१:४४)। यो सहर गालील समुद्रको उत्तरपूर्वी किनारमा थियो।

फिलिपले नथानेललाई भेट्टाएर भने, "जसको विषयमा मोशाले व्यवास्थामा र अगमवक्ताहरूले पनि लेखेका थिए, योसेफका पुत्र नासरतका येशूलाई हामीले भेट्टाएका छौं" (१:४५)। फिलिपले येशू नै मसीह हुनुहुन्छ भनी विश्वास गरे।

शुरुमा, नथानेलले गलत रुपमा येशूलाई न्याय गरे किनभने उहाँ नासरतबाट आउनुभएको थियो (१:४६)। यद्यपि, नथानेलले चाँडै आफ्नो मन परिवर्तन गरे। उनले भने, "तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ, तपाईं इजरायलका प्रतिज्ञा गरिएको राजा हुनुहुन्छ" (१:४९)। परमेश्वरले नथानेललाई बुझ्न मद्दत गर्नुभयो। नासरतको बारेमा अरुले के भनेका छन् त्यो सुन्नुको सट्टा, उसले नासरतबाट आउनु भएका परमेश्वरका पुत्र येशूको कुरा सुन्यो।

त्यसपछि येशूले उहाँ आफू परमेश्वरका स्वर्गदूतहरू भन्दा महत्त्वपूर्ण हुँ भनी दावी गर्नुभयो। (१:५१)

## यस बारेमा कुरा गर्नुहोस्:

१. तपाईंले परमेश्वरबाट के आशिष् पाउनुभयो (१:१६)?

२. येशूले हामीलाई के देखाउनु भएको छ जसले गर्दा हामीले परमेश्वरलाई अझ राम्रोसँग चिन्न गर्दछ (१:१८)?

३. बप्तिस्मा दिने यूहन्नाले येशूको बारेमा के के भने (१:२९-३०, ३३-३५)? यूहन्नाको उद्देश्य के थियो (१:३१)?

४. येशूले यूहन्नाका चेलाहरूलाई के भन्नुभयो ? त्यसपछि के भयो भन्नुहोस् (१:३८-४२)।

५. पत्रुसको नयाँ नामले उसको भावी जीवनको अर्थ के थियो (१:४२; मत्ती १६:१८) ?

६. नथानेलले येशूलाई कसको छोरा मानेका थिए ? (१:४५,४९) उसको मन केले परिवर्तन भयो?

७. स्वर्गदूतहरूको बारेमा येशूलाई के थाहा थियो (१:५१)?

## अरुहरूलाई येशूमा डोऱ्याउनुहोस्

यूहन्नाले लेखेका येशूका पहिलो शब्दहरू हुन्, "तिमीहरू के खोज्दैछौ (१:३८)। यदि हामीले मानिसहरूलाई येशूकहाँ ल्यायौं भने, तिनीहरू यस प्रश्नको जवाफ दिन तयार हुनुपर्छ।

येशूको अर्को शब्द चाहिँ,,"आओ, र तिमीहरू आफैले हेर।" यदि हामी मानिसहरूलाई येशूलाई भेट्न ल्याउँछौ भने, हामीले भन्नुपर्छ, "आउनुहोस् र आफैले हेर्नुहोस्" (१:३९)। येशूमा विश्वास गर्नको लागि हामी तिनीहरूलाई जबरजस्ती गर्न सक्दैनौं।

यदि हामीले मानिसहरूलाई येशूकहाँ ल्यायौं भने, कसै कसैले विश्वास गर्नेछन् र कोही (सिमोन जस्तै, (१:४२) परमेश्वरका महान सेवकहरू बन्नेछन्। कोही कोही भने (फिलिप १:४५) ले जस्तै विश्वास गरेर अरु लाई बताउन छिटो जानेछ। कोही-कोही भने सुरुमा (नथानेल :४६) जस्तै, शंका गर्नेछ तर पछि ईश्वरीय प्रकाश दिईनेछ। (१:४९)

**यस बारेमा सोच्नुहोस्:** यूहन्नाले लेखेका येशूका पहिलो वचनहरू: “तिमीहरू के खोज्दैछौ?भन्ने थियो” (१:३८) उसको प्रश्नको जवाफ कसरी दिनुहुन्छ ? यो प्रश्नको जवाफ दिन तपाईं अरुलाई कसरी मद्दत गर्नुहुन्छ? येशू मानिसहरूको मुक्तिदाता हुनुहुन्छ भनेर तपाईं कसरी अरुलाई देखाउन सक्नुहुन्छ (१:३१)?

## बाइबल पढाईः यूहन्ना अध्याय २

# येशू विवाहमा जानु हुन्छः

येशू र उहाँका चेलाहरू कानाको एउटा घरमा विवाहमा जानुभयो (२:१)। उहाँकी आमा उहाँसँगै त्यहाँ थिइन्। यहूदी विवाहहरूमा सधैं ठूलो आनन्द र भोजको समय हुन्थ्यो। त्यहाँ सामान्यत: सबै पाहुनाहरूको लागि पर्याप्त खाना र दाखमद्य हुन्थ्यो। यद्यपि कानाका मानिसहरूले चाँडै सबै दाखमद्य पिए त्यसैले त्यहाँ कुनै पनि बाँकी भएनन्।

येशूकी आमा मरियमले उहाँलाई भनिन्, “तिनीहरूसित अब दाखमद्य छैन” (२:३)। यो यहूदी आमाबाबुको लागि ठूलो अपमानजनक थियो।

“प्रिय नारी, तिमीले मलाई किन यहाँ ल्यायौ?” येशूले जवाफ दिनुभयो, “मेरो समय अझै आएको छैन” (२:४)। मरियमलाई थाहा थियो कि येशूलाई परमेश्वरले पठाउनुभएको हो (लूका १:३५)। येशूले आश्चर्यकर्म गरुन् भन्ने उनी चाहन्थिन्। तर मानिसहरूलाई देखाउनको लागि उपयुक्त समय कहिले थियो भनेर उनलाई थाहा थिएन्।

अब के गर्ने ? भनेर नोकरहरूलाई थाहा थिएन। मरियमले उनीहरूलाई भनिन्: “येशू जे गर्न भन्नुहुन्छ त्यही गर” (२:५)। अब, येशूले के गर्नुहुन्छ भनेर थाहा थिएन, तर उहाँमा उनको विश्वास बलियो थियो। उनले आश्चर्यकर्मको आशा राखेकी थिइन्।

पानीको लागि छ वटा भाँडो नजिकै राखिएको थियो। येशूले भन्नुभयो, “भाँडो पानीले भर” यसरी तिनीहरूले भाँडोको माथिसम्मै पानी भरे। त्यसपछि उहाँले तिनीहरूलाई भन्नुभयो, अब अलिकता उघाएर भोजको मुख्य व्यक्तिकहाँ लैजाओ।” (२:७-८)

भोजका मुखियाले त्यो पानी चाखे। यो अब उत्तम गुणस्तरको दाखमद्य थियो (२:९)। यो येशूको पहिलो आश्चर्यकर्म थियो भनेर यूहन्नाले हामीलाई बताउँदछन। यसले गर्दा सबैले येशूको प्रशंसा गरे। यसले चेलाहरूलाई उहाँमा विश्वास गर्न पनि मद्दत गर्‍यो (२:११)।




विवाह भोज जहाँ येशूले पानीलाई दाखमद्यमा परिणत गर्नुभयो।

# येशूले व्यापार गर्नेहरूलाई धपाउनु हुन्छ

त्यसपछि, येशू, उहाँको आमा, उहाँका भाइहरू र उहाँका चेलाहरू कफर्नहुम सहरमा जानुभयो। यो त्यही ठाउँ थियो जहाँ येशूले आफ्नो सेवाकाईमा धेरै समय बिताउनु भएको थियो।

केही दिनपछि, येशू र उहाँका चेलाहरू यरुशलेममा जानुभयो (२:१३)। निस्तार चाडको समय लगभग नजिकै थियो। हरेक वर्ष निस्तार चाडमा हजारौं यहूदी विश्वासीहरू सहरमा आउँछन्। तिनीहरू मन्दिरमा परमेश्वरको आराधना गर्न आएका थिए। तिनीहरू बिभिन्न राष्ट्रहरूबाट आएका थिए। तिनीहरू येशूको समय भन्दा १५०० वर्ष अघि परमेश्वरले आफ्ना मानिसहरूलाई मिश्रबाट छुटकारा दिनुभएको दिनको सम्झनामा आएका थिए (प्रस्थान अध्याय १२)।

येशू मन्दिरको वरिपरिको चोकहरूमा जानुभयो। उहाँले त्यहाँ सामान किन्ने र बेच्ने सबैलाई देख्नुभयो। (२:१४)। बजार बिक्रेताहरू पैसा साट्न टेबलहरूमा थिए। अरुहरूले मन्दिरमा बलिदानको लागि पशुहरू र चराहरू बेचीरहेका थिए।

येशू रिसाउनु भयो र तिनीहरू सबैलाई मन्दिरको चोकबाट बाहिर निकाली दिनु भयो। उहाँले तिनीहरूलाई ठुलो स्वरले कराएर भन्नुभयो, “तिमीहरूले मेरो बुबाको घरलाई बजारमा परिणत गरेका छौ” (२:१६) यी व्यापारीहरू पैसा कमाउन त्यहाँ थिए। मन्दिर परमेश्वरको आराधना र प्रार्थनाको लागि बनाइएको थियो। येशूले पछि यशैयाका शब्दहरू उद्धृत गर्दै भन्नुभयो, “मेरो घरलाई सबै राष्ट्रका मानिसहरूले प्रार्थना गर्ने घर भनिनेछ।” (११:१७; यशैया ५६:७)

धर्म गुरुहरूले के भनेको बुझेनन्। उहाँका चेलाहरूले पुरानो नियमका लेखहरूमा लेखिएको कुरा पछि मात्रै सम्झे। यी पवित्र लेखहरू भन्छन्, तपाईंको भवनको जोशले मलाई जलाएको छ। (२:१७; भजनसंग्रह ६९:९)। येशूले यो भविष्यवाणी पूरा गर्नुभयो। उहाँको शिक्षा, आराधना, प्रार्थना र ईश्वरीय निर्देशनको प्रतिको लगावको कारणले उहाँलाई उहाँको पिता परमेश्वरसँग आज्ञाकारिताको माग गर्ने अधिकार दिनुभएको थियो।

धर्म गुरुहरूले येशूलाई चिने। तिनीहरूले उहाँसँग यी कुराहरू बोल्ने अधिकार छ भनी प्रमाणित गर्न उहाँलाई आश्चर्यकर्म गर्न आग्रह गरे। (२:१८)। तिनीहरूले प्रमाण मागे तर विश्वास गर्न अस्वीकार गरे।

येशूले जवाफ दिनुभयो, “यस मन्दिरलाई भत्काइदेओ र म यसलाई तीन दिनमा फेरि खडा गर्नेछु।” (२:१९) तिनीहरूले सोचे कि उहाँ तिनीहरूको मन्दिर भत्काउन चाहनुहुन्छ। येशूले भन्नु भएको मन्दिर उहाँको आफ्नै शरीर थियो (२:२१)। येशूले तिनीहरूलाई आफ्नो मृत्यु र पुनरुत्थानको चिन्ह दिनको लागि भन्नु भएको थियो।

यदि तिनीहरूले उहाँलाई मारे भने, परमेश्वरले उहाँलाई तीन दिन पछि जीवित पार्नुहुनेछ भनी येशूलाई पहिले नै थाहा थियो। पछि, चेलाहरूले पवित्र लेखहरू र येशूका वचनहरू सम्झे र विश्वास गरे (२:२२)

उहाँले मन्दिरका लोभी मानिसहरूलाई छोड्नुभयो। उहाँ तिनीहरूको शत्रु बन्नु भएको थियो। तिनीहरूको धार्मिक प्रणाली अर्थहीन थियो। यसका गुरुहरू र पुजारीहरूले परमेश्वरको कुरा सुनिरहेका थिएनन्, त्यसैले परमेश्वरले येशूलाई प्रयोग गर्नुभएर उनीहरू बिना येशूद्वारा नयाँ काम गर्नुभयो। उहाँले तिनीहरूलाई तिनीहरूको परम्परा र भवनहरूमा छोड्नुभयो। तिनीहरूको आराधना अर्थहीन र तिनीहरूको हृदय चिसो थियो। मन्दिर र यसमा सबै बलिदानहरू रोमी सेनाले चाँडै नष्ट गऱ्यो, जुन ईस्वी ७० मा भयो।

यद्यपि, धेरै मानिसहरूले येशू को हुनुहुन्छ भनेर विश्वास गरे। तिनीहरूले उहाँले गर्नुभएका आश्चर्यकर्महरूमा विश्वास गरे। (२:२३) तर उहाँले ती सबैलाई भरोसा गर्नुभएन। उहाँलाई उनीहरूको हृदयमा के छ त्यो थाहा थियो (२:२५)

### यसको बारेमा कुरा गर्नुहोस्ः

१. पानीलाई दाखमद्यमा परिणत भएको आश्चर्यकर्मले येशूको प्रेम कसरी देखाउँछ ?

२. यहूदीहरूले निस्तार चाडमा सम्झने घटनाहरू वर्णन गर्नुहोस् (प्रस्थान १२)?

३. पुरानो नियमका लेखहरूबाट येशूको बारेमा भनिएका शब्दहरू व्याख्या गर्नुहोस् (भजनसंग्रह ६९:९)।

४. यहूदीहरूले आफ्नो मन्दिरको बारेमा येशूले के भन्नुभयो भन्ने सोचेका थिए? उहाँले आफ्नो शरीरको बारेमा के भविष्यवाणी गर्नुभयो (२:१९-२१; मत्ती २७:४०)?

५. चेलाहरू र भीडहरूले येशूको बारेमा के विश्वास गरे (२:२२,२३)?

**यसको बारेमा सोच्नुहोस्ः** मरियमले नोकरहरूलाई येशूसँग कुरा गर्न किन भनिन् (२:५)? के हामीसँग उहाँबाटको आश्चर्य कर्मको आशा राख्ने  विश्वास छ ? के हामीसँग उहाँको बारेमा सुन्नको लागि मानिसहरूलाई भन्ने विश्वास छ ? विवाहमा र मन्दिरको चोकमा येशूको त्यो प्रतिक्रियाले खाँचोमा परेका मानिसहरूप्रति उहाँको करुणा कसरी देखाउँछ ? परमेश्वरको पवित्र आत्माको अभिषेकको कारणले हामीसँग के गर्ने अधिकार छ ?

**यसको बारे प्रार्थना गर्नुहोस्ः** येशूमा तपाईंको विश्वास बढाउनको लागि परमेश्वरलाई सोध्नुहोस्। उहाँबाट आश्चर्यकर्मको आशा गर्न विश्वासको लागि प्रार्थना गर्नुहोस्। येशूको बारेमा अरुसँग कुरा गर्न मद्दत गर्न पवित्र आत्मालाई निमन्त्रण दिनुहोस्।

## बाइबल पढाईः यूहन्ना अध्याय ३

# निकोदेमस येशूकहाँ आउँछन्

निकोदेमस नाम गरेका यहूदी एक यहूदी शासक परिषद्का सदस्य थिए। ऊ रातको समयमा येशूकहाँ आए।

निकोदेमसले येशूको बारेमा थप कुरा जान्न चाहन्थे। उनले भने, "हामीलाई थाहा छ तपाईं परमेश्वरबाट आउनुभएका एक शिक्षक हुनुहुन्छ। हामीलाई थाहा छ कि  परमेश्वर तपाईंसँग हुनुहुन्छ" (३:२)।

निकोदेमसले यहूदी र इसाईहरूले आराधना एक साँचो सर्वशक्तिमान परमेश्वरमा विश्वास गर्थे।

यस मानिसले मोशाको व्यवस्था पालन गर्न खोजेको येशूलाई थाहा थियो। उनले पवित्र जीवन बिताए। उनले येशू परमेश्वरबाट पठाउनुभएको एक महान शिक्षक हुनुहुन्छ र आश्चर्यकर्महरू गर्नुहुन्छ भनेर भनेर विश्वास पनि गर्थ्यो। तर त्यो मात्र उसको लागि पर्याप्त थिएन। अब उसले येशू नै मसीह, वा ख्रीष्ट, र परमेश्वरका पुत्र हुनुहुन्छ भनी विश्वास गर्न आवश्यक थियो। उसले येशू ख्रीष्टको अनुयायीको रुपमा नयाँ जीवन सुरु गर्न आवश्यक थियो।

त्यसपछि प्रेरित यूहन्नाले आफ्ना पाठकहरूलाई येशूले सिकाउनुभएको कुरा बताउँछन्। उहाँले निकोदेमसलाई सिकाउनु भएको कुरा आज सबै जाति र राष्ट्रहरूका लागि महत्त्वपूर्ण छ।

## येशूले "तिमी फेरि नयाँगरी जन्मनु पर्छ" भनी भन्नुभयो ।

येशूले निकोदेमसलाई जवाफ दिनुभयो। "मैले तिमीलाई भन्न खोजेको कुरा सत्य हो। नयाँ गरी जन्मिएन भने कसैले पनि परमेश्वरको राज्य देख्न सक्दैन।" (३:३)

"म त बुढो भइसकेँ फेरि कसरी जन्मन सक्छु?" निकोदेमसले सोधे, "म दोस्रो पटक जन्मिन सक्दिन"(३:४)।

येशूले आफ्ना शब्दहरू दोहोऱ्याई राख्नु भयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही पानी र आत्माद्वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन" (३:५)। महिलाहरूले आफ्नो गर्भको पानी भित्र बच्चा जन्माउँछन् तर येशूले भन्नुभयो कि पवित्र आत्माले हामी भित्रको आत्मालाई नयाँ जन्म दिन्छ (३:६)। "तिमीहरू सबैले नयाँ गरी जन्मनुपर्छ भन्दा तिमी अचम्म नमान" (३:७)।

जब हामी पापबाट फर्कन्छौं र येशू हामीलाई बचाउनको लागि परमेश्वरबाट पठाइएको हो भनी विश्वास गर्छौं। तब हामी पापबाट मुक्त हुन्छौं र पवित्र आत्मा हामी माथि आउनुहुन्छ र हामी भित्र बास गर्नुहुन्छ। हामीले नयाँ जीवन प्राप्त गर्छौं (२ कोरिन्थी ५:१७)। हामी फेरि जन्मेका छौं।

पवित्र आत्माले कहाँ कसरी काम गर्नुहुन्छ, हामीलाई थाहा हुँदैन। उहाँ हावा जस्तै हुनुहुन्छ। हामी हावा देख्न सक्दैनौं वा यो कहाँबाट आउँछ वा कहाँ जान्छ थाहा पाउँदैनौ। येशूले आध्यात्मिक कुराहरू व्याख्या गर्नको लागि साधारण चीजहरू जस्तै हावा प्रयोग गर्नुभयो। "आत्मा द्वारा जन्मेकाहरू सबैको त्यस्तै नै हुन्छन्" (३:८)।

## येशूले निकोदेमसलाई भन्नुभएको परमेश्वरको सत्यता

येशूले तेस्रो पल्ट भन्नुभयो, "मैले तिमीलाई भन्न खोजेको कुरा सत्य हो।"(३:११) धर्मगुरुहरूले आफू र उहाँका चेलाहरूको गवाहीलाई इन्कार गरेको उहाँलाई थाहा थियो। तर येशू निकोदेमसलाई स्वर्गका धेरै कुराहरू बताउन चाहनुहुन्थ्यो (३:१२)। प्रेरित यूहन्नाले हामीलाई येशूले के भन्नुभयो भनी बताउँछन्। लाखौं मानिसहरूले यी वचनहरू पढेका छन् र विश्वास गरेका छन् कि तिनीहरू सत्य हुन्।

येशू आफैले आफ्नो बारेमा यी अदभुत सत्यताहरू बताउनु भयो:

- येशू, मानिसको पुत्र, परमेश्वरको पुत्रको रुपमा स्वर्गबाट आउनुभयो (३:१३)। मानिसको पुत्र पुरानो नियमका लेखहरूमा दिइएको प्रतिज्ञा गरिएको मसीहको नामहरू मध्ये एक थियो।
- मोशाले मरुभूमिमा सर्पलाई उठाए। मानिसको पुत्रलाई पनि माथि उठाउनु पर्छ। (३:१४, गन्ती २१:८-९)। येशूले क्रुसमा आफ्नो मृत्युको बारेमा यसरी भन्नुभयो।
- उहाँमाथि विश्वास गर्ने सबैले सधैंभरि परमेश्वरसँग जिउन सक्छन् (३:१५)।
- संसारको लागि परमेश्वरको प्रेम यस्तो थियो, "उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो" (३:१६)। येशू हाम्रा पापहरूको लागि मर्नुभयो। उहाँ मुक्तिदाता हुनुहुन्छ।
- क्रूसमा, पापको सजाय र मूल्य उहाँद्वारा तिर्नु भएको थियो।
- उहाँमा विश्वास गर्ने कोही पनि नाश हुने छैन् तर अनन्त जीवन पाउनेछ (३:१६) त्यसपछि उहाँमा विश्वास गर्ने सबैले सदाको लागि क्षमा पाउनेछन्।
- परमेश्वरले आफ्नो पुत्रलाई संसारको न्याय गर्न संसारमा पठाउनु भएन, उहाँले आफ्नो पुत्रलाई उहाँद्वारा संसार बचाउन पठाउनु भयो (३:१७)

यूहन्ना ३:१६–१७ का वचनहरू परमेश्वरको प्रेम, उद्देश्य र प्रावधानका प्रख्यात शब्दहरू हुन् । तिनीहरूले यशैया ५३:४–१२ मा भविष्यवाणीका शब्दहरू पूरा गर्छन् । येशूले निकोदेमसलाई सिकाउनु भएको जीवनका यी अचम्मका शब्दहरूले उनको जीवन परिवर्तन गर्‍यो । सुरुमा उनको बुझाई सानो थियो । यद्यपि, उनी येशूको गोप्य र मायालु अनुयायी बने । पछि उनले येशूको शरीरको लागि ठाउँ तयार गर्न मद्दत गरे (१९:३८–४२; यशैया ५३:९)।

खिष्टियानहरूले लगभग २००० वर्षदेखि निकोदेमसको नाम सम्झेका छन् । उसलाई परमेश्वरको सत्यता थाहा थियो र उसले येशूद्वारा व्यक्तिगत रुपमा परमेश्वरलाई चिनेको थियो । येशू र उहाँको बुबाको सत्यताले निकोदेमसलाई धार्मिक परम्परा र नियमहरूबाट मुक्त बनायो ।

त्यसपछि येशूले चेताउनी दिनुभयो कि विश्वास नगर्ने जो कोही पनि परमेश्वरले न्याय गर्नुहुन्छ । येशू पापको अँध्यारो संसारमा ज्योति हुनुहुन्छ । धेरैले उहाँको ज्योतिलाई अस्वीकार गरे र अन्धकारलाई रोजे । तिनीहरू खराब कामहरू गर्छन् र परमेश्वरको ज्योति र सत्यतासँग डराउँछन् (३:१९–२०)।

उहाँले यो पनि भन्नुभयो, सत्यद्वारा जिउने मानिस ज्योतिमा आउँछ...र यसरी गरेका कामहरू परमेश्वरमा गरिएका हुन् भन्ने प्रस्टै देखिन्छ (३:२१) अरुले त्यसपछि परमेश्वरले तिनीहरूको जीवनमा के गर्नुभयो भनेर देख्नेछन् र बुझ्नेछन् ।

# बप्तिस्मा दिने यूहन्नाले येशूको बारेमा के भन्नुभयो

येशू यरुशलेम नजिकै यहुदियाका गाउँमा जानुभयो । उहाँले त्यहाँ आफ्ना चेलाहरूलाई सिकाउनुभयो र त्यहाँ नयाँ विश्वासीहरूलाई बप्तिस्मा दिनुभयो (३:२२) ।

बप्तिस्मा दिने यूहन्नाले एनोन नजिकै पनि मानिसहरूलाई बप्तिस्मा दिए (३:२२) । येशूका चेलाहरूले यूहन्ना भन्दा धेरै मानिसहरूलाई बप्तिस्मा दिनुभएकोले उहाँका चेलाहरू रिसाए (३:२६)

यूहन्ना चिन्तित भएनन् । एउटा व्यक्तिले स्वर्गबाट उसलाई दिएको कुरा मात्र प्राप्त गर्न सक्दछ..म खीष्ट होइन । मलाई उहाँको लागि बाटो तयार गर्न उहाँको अगाडि पठाइएको थियो (३:२७–२८)।

त्यसपछि बप्तिस्मा दिने यूहन्नाले आफ्नो र येशूको बारेमा एउटा कथा सुनाए । येशू दुलाह हुनुहुन्थ्यो । कथामा यूहन्ना उहाँको मिल्ने साथी थिए । यूहन्ना आउनेवाला दुलहालाई पर्खिरहेका थिए । दुलाहको आवाज सुनेपछि उनी खुसीले भरिए । त्यो आनन्द मेरो हो र यो अब पूरा भएको छ (३:२९) ।

अब येशू आईसक्नु भएको थियो, र बप्तिस्मा दिने यूहन्नाको काम लगभग सकिसकेको थियो । उहाँले मानिसहरूलाई तिनीहरूको मसीहको लागि तयार गर्नु आउनुभएको थियो, र अब तिनीहरूले उहाँलाई पछ्याउनेछन् । यूहन्नाले भने, "येशू धेरै महत्त्वपूर्ण हुनुपर्दछ । म कम महत्त्वपूर्ण हुनुपर्दछ" (३:३०) ।

त्यसपछि बप्तिस्मा दिने यूहन्नाले येशू स्वर्गबाट आउनुभएको हो भनी व्याख्या गरे । उहाँ अरु भन्दा महान हुनुहुन्छ भनी भन्न थाले (३:१३,३१)।

येशूले स्वर्गमा पिता परमेश्वरबाट सुनेको कुरा बताउनु भयो तर थोरैले मात्र उहाँलाई विश्वास गरे (३:३२) जसले येशूलाई विश्वास गर्नुहुन्छ उनीहरूले, "हो परमेश्वर सत्य हुनुहुन्छ"(३:३३) भनी भन्नु हुन्छ ।

प्रेरित यूहन्नाले लेखेका छन् कि जसलाई परमेश्वरले स्वर्गबाट पठाउनुभएको छ उसले परमेश्वरको वचन बोल्दछ । र उहाँलाई विश्वास गर्ने सबैलाई पूर्ण रुपमा पवित्र आत्मा दिनुहुन्छ (३:३४) ।

बप्तिस्मा दिने यूहन्नाले येशू र सर्वशक्तिमान् परमेश्वरको बारेमा के भनेका थिए भनी यूहन्नाले हामीलाई बताउँछन् (३:३५–३६):

- परमेश्वर पिताले आफ्नो पुत्र येशूलाई प्रेम गर्नुहुन्छ ।
- परमेश्वरले येशूलाई सबै शक्ति दिनुभएको छ । उहाँसँग सबै कुराको अधिकार छ ।
- येशूमा विश्वास गर्ने जो कोहीले अनन्त जीवन पाउनेछ ।

- जसले विश्वास गर्दैन उसले अनन्त जीवन पाउनेछैन।
- मानिसहरूले येशूलाई अस्वीकार गर्दा परमेश्वर दुःखी हुनुहुन्छ। उहाँको न्याय तिनीहरूमाथि रहन्छ।

**यसको बारे कुरा गर्नुहोस्ः**

१. एक व्यक्ति कसरी परमेश्वरको परिवारमा जन्मन सक्छ (३:३-७)?

२. निकोदेमसको बारेमा येशूले के भन्नुभयो (३:१०-१२)?

३. येशूले आफ्नो बारेमा के भन्नुभयो (३:१४-१५)?

४. येशूले आफ्नो बुबा र आफ्नो बुबाको प्रेमको बारेमा के भन्नुभयो (३:१६-१७) ?

५. के येशू नै परमेश्वर र स्वर्ग जाने बाटो हुनुहुन्छ (३:१५-१६)?

६. परमेश्वरले किन येशूलाई मर्न पठाउनुभयो (३:१६)?

७. बप्तिस्मा दिने यूहन्नाले आफ्ना चेलाहरूलाई येशूको बारेमा के भने (३:२७-३१ ; ३५-३६)?

८. येशूको लागि साक्षी दिने बारे यूहन्नाले के सिके(३:३०) ?

**यसको बारे सोच्नुहोस्ः** परमेश्वरको मुक्ति योजनाको अद्भभुत शिक्षालाई आफ्नै शब्दमा वर्णन गर्नुहोस् (३:१३-२०)। तिनीहरूले तपाईंको जीवनलाई अहिलेसम्म कसरी परिवर्तन गरेका छन् (३:२१)? म कसरी ख्रीष्टलाई ममा बस्न दिने ? तपाईं कसरी अरुलाई येशूको बारेमा अद्भभुत सत्य जान्न मद्दत गर्न सक्नुहुन्छ ? मानिसहरूलाई अन्धकारबाट परमेश्वरको ज्योतिमा ल्याउनमा उहाँको आनन्द दिन येशूसँग प्रार्थना गर्नुहोस्। येशूलाई भेट्न सक्ने कुनै शंका वा डर हटाउन पवित्र आत्मालाई सोध्नुहोस्।

## बाइबल पढाईः यूहन्ना ४:१-४२

# येशूले इनारमा एउटी स्त्रीसँग कुरा गर्नुभयो

धेरै मानिहरूले अब येशूलाई पछयाए र उहाँका चेलाहरूले नयाँ विश्वासीहरूलाई बप्तिस्मा दिए (४:१) । येशूले यूहन्ना भन्दा धेरै मानिसहरूलाई बप्तिस्मा दिनुभएको कुरा धर्मगुरुहरूले सुने । त्यसैले,येशू यहूदिया छोडेर गालीलमा फर्कनुभयो (४:३) । उहाँ आफ्ना चेलाहरूसँग सामरियाको इलाका हुँदै यात्रा गर्नुभयो (४:४)।



**येशू सुखारमा एक सामरी स्त्रीसँग कुरा गर्नुहुन्छ ।**

यरुशलेमका यहूदीहरूले सामरी यहूदीहरूलाई मन पराउँदैन थिए। सामरीहरूले यरुशलेमको मन्दिरमा परमेश्वरको आराधना गरेनन् । तिनीहरूले सामरियामा परमेश्वरको आराधना गर्थे । येशूको समयसम्म ५०० वर्ष

उनीहरूका बिचमा दुश्मनी थियो।

येशू सुखारमा आउनुभयो र इनारमा बस्नुभयो। मध्य दिन थियो र उहाँ थाक्नु र तिर्खाउनु भएको थियो(४:६)। उहाँका चेलाहरू खाना किन्न सहरमा गएका थिए ( ४:८)।

एउटी सामरी स्त्री इनारमा पानी भर्न आइन्। येशूले तिनीसँग कुरा गर्नुभयो। एक यहूदी सामान्यतया सामरीसँग कुरा गर्दैन थियो। येशूले त्यस स्त्रीलाई सोध्नुभयो, "के तिमी मलाई पानी पिउन दिन्छौ?" (४:७। उनी छक्क परिन्। उनले भनिन,"तपाईं यहूदी हो र म सामरी स्त्री हुँ। तपाईंले मसँग कसरी पानी पिउन माग्नु हुन्छ?"(४:९)

त्यसैले येशूले तिनलाई जवाफ दिनुभयो, "तिमीले परमेश्वरको वरदान र तिमीसँग पानी माग्ने व्यक्तिलाई चिनेको भए तिमीले उसलाई माग्नेथियो, र उसले तिमीलाई जिउँदो पानी दिने थियो" (४:१०)। ती स्त्रीलाई परमेश्वरले उहाँको पवित्र आत्माको वरदानद्वारा नयाँ जीवनको बारेमा थाहा थिएन।येशूले १४ पदमा व्याख्या गर्नुभएको छ।

येशूले उनको गहिरो आवश्यकताहरू जान्नुहुन्थ्यो। उहाँलाई थाहा थियो कि उसलाई पानी भन्दा बढि अरु केहि चाहिन्छ। उहाँले उनलाई संसारमा सबैभन्दा ठूलो चीज प्रस्ताव गर्न सक्नुहुन्थ्यो।

## स्त्रीले जिउँदो पानी माग्छिन्

ती स्त्रीले येशूलाई बुझ्निनन। उनले उहाँलाई सोधिन्, "तपाईंले यो जीवित पानी कहाँबाट पाउन सक्नुंहुन्छ?" (४:११)। अब्राहामका नाति याकूबले सुखारमा तिनीहरूको इनार खनेको कुरा तिनलाई थाहा थियो। त्यसैले तिनले येशूलाई सोधिन्, "के तपाईं उहाँभन्दा महान हुनुहुन्छ? (४:१२)।

येशूले जवाफ दिनुभयो, "यो पानी पिउने प्रत्येक फेरि तिर्खाउनेछ। तर जसजसले मैले दिने पानी पिउँछ त्यो कहिल्यै तिर्खाउनेछैन...जुन पानी म त्यसलाई दिनेछु त्यो त्यसमा अनन्त जीवनको निम्ति उम्रिरहने पानीको मूल बन्नेछ" (४:१३-१४)। यसरी, येशूले सामरी स्त्रीलाई आफ्नो जीवन दिने आत्मा दिन प्रस्ताव गर्नुभयो।

स्त्रीले भनिन्, "गुरु ज्यू, मलाई त्यही पानी दिनुहोस्, त्यसपछि मलाई कहिल्यै तिर्खा लाग्ने छैन" (४:१५)। येशू अगमवक्ता हुनुहुन्थ्यो भनी तिनले देखिन्।

येशूलाई थाहा थियो कि उनको जीवनमा पापले उनलाई पवित्र आत्मा प्राप्त गर्नबाट बाधा पुर्‍याउनेछ। "जाऊ, आफ्नो पतिलाई लिएर फर्केर आऊ," येशूले स्त्रीलाई भन्नुभयो। ती स्त्रीले भनिन् कि मेरो पति छैन। येशूले उनलाई यो कुरा पहिले नै थाहा थियो भनी बताउनुभयो। उहाँले तिनलाई भन्नुभयो कि तिमी अहिले बस्ने मानिस अघि तिम्रा पाँच पतिहरू थिए (४:१८)।

येशू अगमवक्ता हुनुहुन्छ भनी स्त्रीले तुरुन्तै थाहा पाइन् (४:१९)। त्यसैले उनले आफ्नो धार्मिक विश्वास र आफ्नो आराधना गर्ने ठाउँको बारेमा कुरा गर्न थालिन् (४:२०)।

परमेश्वरको लागि, हामी कहाँ आराधना गर्छौं यो महत्त्वपूर्ण छैन, तर हामी उहाँलाई कसरी आराधना गर्छौं। परमेश्वरको लागि, हाम्रो धार्मिक परम्पराहरू उहाँप्रतिको हाम्रो प्रेम र हाम्रो आज्ञाकारिता भन्दा कम महत्त्वपूर्ण छन्। येशूले उनलाई भन्नुभयो, "साँचो आराधकहरूले आत्मा र सत्यतामा परमेश्वरको आराधना गर्नुपर्छ" (४:२३)।

साँचो आराधकहरू हाम्रो प्रेमिलो र सर्वशक्तिमान परमेश्वरमा जुनसुकै बेला र कुनै पनि ठाउँमा आउन सक्छन्। तिनीहरूले प्रेमिलो हृदयबाट परमेश्वरको आराधना गर्छन्। तिनीहरूलाई आराधना गर्न विशेष समय र विशेष ठाउँहरू चाहिँदैन। येशूले भन्नुभयो, "तिनीहरू त्यस प्रकारका आराधकहरू हुन् जसलाई पिताले खोजि रहनु भएको छ र पर्खिरहनुभएको छ" (४:२३)

त्यसपछि उहाँले आफ्ना शब्दहरू दोहोऱ्याउनु भयो कि साँचो आराधकहरूले आत्मा र सत्यतामा परमेश्वरको आराधना गर्नुपर्छ (४:२४)।

त्यसपछि सामरी स्त्रीले प्रतिज्ञा गरिएको मसीहमा आफुले राखेको विश्वासको बारेमा बताइन्। परमेश्वरको यो प्रतिज्ञा पुरानो नियमका लेखहरूमा १०० पटक भन्दा बढी लेखिएका छन्। त्यस स्त्रीले येशूलाई भनिन्, "म जान्दछु कि मसीह आउँदै हुनुहुन्छ, उहाँलाई ख्रीष्ट भनिन्छ। जब उहाँ आउनुहुन्छ तब उहाँले नै हामीलाई सबै कुरा बताउनुहुनेछ" (४:२५)

येशूले भन्नुभयो, "तिमीसँग बोल्ने, म उही हुँ"(४:२६)।

जब तिनले यो सुने, तव सामरी स्त्री हतार हतार सहरमा फर्की र येशूको बारेमा अरुलाई बताईन्। उनले मानिसहरूलाई भनिन्, "आओ, एक जना मानिसलाई हेर जसले मैले गरेका सबै काम मलाई बताइदिनुभयो। कतै उहाँ नै ख्रीष्ट त हुनुहुन्न?" (४:२८-२९)।

परमेश्वरको पवित्र आत्माले तिनको जीवनलाई परिवर्तन गरिदिनु भयो। जब उनले मानिसहरूलाई येशूको बारेमा बताईन। मानिसहरूले उनको गवाहीलाई विश्वास गरे र येशूलाई हेर्न चाहे (४:३०)। पवित्र आत्माले उनलाई अरुको जीवन परिवर्तन गर्न प्रयोग गर्नुभयो।

# येशू सामरियामा सिकाउन बस्नुहुन्छ

यसै बीचमा, चेलाहरू सहरबाट खाना लिएर आइपुगे। (४:२७)। उहाँले सामरी स्त्रीसित कुरा गरिरहेको देखेर तिनीहरू छक्क परे। विदेशी महिलाहरूसँग कुरा नगर्ने यहूदी पुरुषहरूको चलन थियो (४:९)।

उहाँका चेलाहरूले भने, "रब्बी, भोजन खानुहोस्।" तर उहाँले तिनीहरूलाई भन्नुभयो, "मसँग खानलाई भोजन छ, जो तिमीहरूलाई थाहा छैन...मेरो खाना भनेको मेरो पिताले मलाई पठाउनुभएको काम गर्नु हो। मेरो खाना भनेको आफ्नो काम पूरा गर्नु हो।" (४:३२,३४)। उहाँ पापीहरूलाई बचाउन र परिवर्तन गर्नको लागि परमेश्वरको कामको बारेमा सिकाउन चाहनुहुन्थ्यो। उहाँको खाना परमेश्वर पिताको काम गर्नु थियो। उहाँले आफ्नो पिताको आज्ञापालन गर्नुभयो।

त्यसपछि येशूले आफ्ना चेलाहरूलाई तिनीहरूको लागि परमेश्वरको कामको बारेमा सिकाउनु भयो। तिनीहरूको काम परमेश्वरको आज्ञापालन गर्न तयार भएका मानिसहरूलाई उहाँको फसलमा ल्याउनु थियो।

परमेश्वरको फसल आज तयार छ। फसलको लागि अझ चार महिना बाँकी छ भनी नभन्नुहोस् (४:३५)। येशूले तिनीहरूलाई आफ्नो आँखा खोल्न र अहिले परमेश्वरको आज्ञापालन गर्न तयार भएका मानिसहरूको फसल हेर्न भन्नुभयो।

येशूले तिनीहरूलाई भन्नुभयो कि त्यहाँ पहिले नै धेरै आनन्दित कामदारहरू छन् जसले मानिसहरूलाई फसल ल्याएका छन्। तिनीहरूले ल्याउने मानिसहरूले अनन्त जीवन प्राप्त गर्नेछन् (४:३६)।

परमेश्वरको फसलमा सबैको काम छ। एकजनाले बीउ छर्छ र अर्कोले बाली छनोट गर्छ वा काट्छ (४:३७)। रोप्ने र फसल बटुल्नेहरू अब सँगै खुसी हुन सक्छन् (४:३६)

कोही कामदारहरूले फसलमा थोरै काम गर्नेछन्। अरु कामदारहरूले धेरै मेहनत गर्नेछन्। केही कामदारहरूले बाटो तयार गर्नेछन्। कसै-कसैले फसल ल्याउनेछन् जसको लागि अरुले काम गरे (४:३८)।

यी सामरीका मानिसहरूले येशूको बारेमा थाहा पाउनु आवश्यक थियो। उहाँ तिनीहरूको मसीह पनि हुनुहुन्थ्यो। परमेश्वरले ती सबैलाई प्रेम गर्नुभयो। चेलाहरूले जान्नै पर्छ कि येशू सबैको मसीह हुनुहुन्छ। सामरीहरूलाई यहूदीहरूले नराम्रो व्यवहार गरे तर तिनीहरू पनि परमेश्वरको राज्यको हिस्सा बन्न सक्थे। जब भीडहरू सुखारबाट इनारमा येशूलाई हेर्न आए, धेरैले उहाँमाथि विश्वास गरे। स्त्रीको साक्षीको कारणले गर्दा तिनीहरू येशूकहाँ आए (४:३९)।

तिनीहरू येशूका शिक्षाहरूबारे थप जान्न चाहन्थे। तिनीहरूले येशू तिनीहरूसँग बसेको चाहन्थे, त्यसैले उहाँ दुई दिन बस्नु भयो (४:४०)।

## अपरिचितहरूलाई साक्षी दिंदै र विश्वासीहरूका लागि नयाँ संगतिहरू सुरु गर्दै

धेरै प्रचारकहरूले येशू र सामरियाको ईनारमा भएको स्त्रीको बारेमा अध्याय ४ मा यहून्नाको सत्य कथाबाट सिकाउँछन्। यसले येशूको समझ, प्रेम र बुद्धिले व्यक्तिको जीवन र वरपरका मानिसहरूलाई कसरी परिवर्तन गर्न सकिन्छ भनेर वर्णन गर्दछ। यसले नयाँ विश्वासीको जीवनमा कसरी पवित्र आत्माले परमेश्वरको राज्यलाई विस्तार गर्न सक्छ भनेर बताउँछ। यसले येशूका अनुयायीहरूले कसरी नयाँ समूह वा विश्वासीहरूको संगति सुरु गर्न सक्छन् भनेर वर्णन गर्दछ। यसलाई मण्डली निर्माण भनिन्छ।

यहाँ यो बाइबल कथाबाट गर्नुपर्ने केही कुराहरू छन्। यो येशू र समारी बिचको कुराकानी हो, जुन सेवकाईद्वारा एक अपरिचित व्यक्तिको रुपान्तरणको बारेमा छः

- सार्वजनिक स्थानमा अपरिचितहरूसँग कुराकानी सुरु गरेको (७)
- सामाजिक बाधा र पराम्परालाई पर्वाह नगरेको (९)
- परमेश्वरमा विश्वासको बारेमा कुरा गरेको (१०)
- कुराकानीलाई आध्यात्मिक रुपमा विकास गरेको (११-१२)
- व्यक्तिगत चासो, आकर्षित र आवश्यकताहरू बिर्सेको (१३)
- येशू मार्फत अनन्त जीवनको प्रतिज्ञा भएको (१४)
- मानिसहरूको अनुरोधलाई ध्यानपूर्वक सुनेको (१५)
- मानिसहरूको वास्तविक आवश्यकताहरू बुझेको (१६-१८)
- बहानाहरूलाई पन्छ्याएको (१९-२०)
- परमेश्वरको सत्यता प्रचार गरेर मुक्ति प्रदान गरेको (२१-२२)
- परमेश्वरले के खोज्दै हुनुहुन्छ भनेर व्याख्या गरेको (२३)
- नयाँ विश्वासीहरूलाई मार्ग दर्शन गरेको (२४)
- विश्वास व्यक्त गरेको (२५)
- येशू वास्तवमा को हुनुहुन्छ भनेर प्रकट गरेको (२६)
- व्यक्तिगत गवाही मार्फत येशूको बारेमा साक्षी दिएको (२९,३९)
- नयाँ विश्वासीहरूलाई सिकाएको (४०)
- ख्रीष्टमा नयाँ विश्वासीहरूको समूह स्थापना गरेको (४१)
- अर्को ठाउँमा सरेको (४३)

यो कथाले सुखारमा ईसाई विश्वासीहरूको समूह वा सङ्गतिको वर्णनबाट सुरुवात गर्दछ। यो अरुहरूले मन नपराउने सामरीहरूलाई येशुले गर्नुभएको प्रेमबाट सुरु हुन्छ। उहाँलाई थाहा थियो कि उनीहरूलाई मुक्तिदाता चाहिन्छ।

सामरीहरले स्त्रीलाई भने, “अब तिमीले भनेका कुराले गर्दा हामीले विश्वास गरेका होइनौं, तर हामी आफैले सुनेका कारणले साँच्चै उहाँ संसारका मुक्तिदाता हुनुहुन्छ भनी हामीले जानेका छौं”(४:४२)।

यसरी, नयाँ विश्वासीहरूले सुखार, सामरियामा विश्वासीहरूको समूह वा संगति सुरु गरे। यो मण्डली निर्माणको

प्रारम्भिक उदाहरण थियो। पछि, येशूले आफ्ना चेलाहरूलाई यरुशलेम, यहूदिया, सामरिया र संसारभरि त्यसै गर्न भन्नुभयो (प्रेरित १:८)। यो कसरी भयो प्रेरित ८:४–८ मा पढ्नुहोस्।

**यसको बारेमा कुरा गर्नुहोस्:**

१. येशूले तिनीसँग बोल्नु भएकोमा इनारमा बस्ने स्त्री किन छक्क परिन् (४:९)?
२. येशूले जिउँदो पानी कहाँ पाउनु हुन्छ (४:१०)? यसले के परिवर्तन ल्याउँछ (४:१४)?
३. येशूले स्त्रीलाई के शब्द दोहोर्याउनु भयो ?(४:२३–२४) किन?
४. येशूले सामरी स्त्रीलाई के प्रस्ताव गर्नुभयो जुन अरु कसैलाई पहिले प्रस्ताव गरिएको थिएन (४:२३–२६)? आज यी बचनहरूले के सन्देश दिन्छ ?
५. येशूमा स्त्रीको विश्वास कसरी बढ्दै बढ्दै गयो (४:१५, १७, १९, २५, २९, ३९)?
६. येशूले कुन खानालाई धेरै मन पराउनु भयो (४:३४)? उहाँले कुन फसलको बारेमा कुरा गर्नुभयो (४:३५–३८)?
७. येशूले कसरी सुखारका सबै सामरीहरूको जीवन परिवर्तन गर्न सक्नुभयो (४:३९–४२)?

**यसको बारेमा सोच्नुहोस्:** किन यूहन्ना ४ अध्यायलाई शिक्षकहरू र प्रचारकहरूले धेरै प्रयोग गर्छन्? के तपाईं येशूको बारेमा असल र खराब मानिसहरूसँग कुरा गर्न इच्छुक हुनुहुन्छ? अरुले तपाईंमा येशूको समझ, प्रेम र बुद्धि देखून् भनेर प्रार्थना गर्नुहोस्।

**यसको बारेमा प्रार्थना गर्नुहोस्:** येशूले दिनुहुने जिउँदो पानीः खोज्न र फेला पार्न अरुलाई मद्दत गर्न परमेश्वरसँग प्रार्थना गर्नुहोस्। तिनीहरूले येशूमा नयाँ जीवन खोज्नेछन् र पाउनेछन् भनी प्रार्थना गर्नुहोस्। नजिक र टाढाका ठाउँहरूबाट फसलको रुपमा मानिसहरूलाई ल्याउन पवित्र आत्मासँग प्रार्थना गर्नुहोस्। नयाँ समूह र विश्वासीहरू प्रभुसँगको संगति र विश्वासमा बढ्दै जानको लागि पवित्र आत्मासँग प्रार्थना गर्नुहोस्।

## बाइबल पढाई: यूहन्ना ४:४३–५४

# येशूले गालीलमा आफ्नो सेवाकाई निरन्तर गर्नुहुन्छ ।

दुई दिन पछि, येशू गालीलको क्षेत्रमा जानु भयो। (४:४३) धेरै मानिसहरू उहाँलाई स्वागत गर्न खुसी भएका थिए। तिनीहरूले यरुशलेममा निस्तार चाडमा उहाँका आश्चर्यकर्महरू देखेका थिए (४:४५)

येशू र उहाँका चेलाहरू काना गाउँमा फर्कनुभयो। राजाका एक अधिकारी उहाँलाई भेट्न त्यहाँ गए। यस मानिसलाई येशूले गर्नुभएको आश्चर्यकर्महरूको बारे थाहा थियो। उसको एकजना छोरा बिरामी भएका थिए जो कफर्नहुममा मर्नै आँटेका थिए। उसले येशूलाई आफ्नो छोरालाई निको पार्न उहाँसँग हिड्नुहोस् भनी बिन्ती गरे (४:४७)। उनले येशूका आश्चर्यकर्महरूमा विश्वास गरेका थिए।

"येशूले भन्नुभयो, तिमीहरू चिन्ह र अचम्मका कामहरू नदेखेसम्म कुनै रीतिले विश्वास गर्दैनौ" ४:४८)।
"हजूर, मेरो छोरो मर्नुभन्दा अघि नै आइदिनुहोस्" उनले बिन्ती गरे (४:४९)।
"तिमी अब जान सक्छौ," येशूले उसलाई भन्नुभयो, "तिम्रो छोरा बाँच्नेछ।"

उच्च अधिकारीले येशूका वचनहरूमा विश्वास गऱ्यो। त्यसैले ऊ कफर्नहुममा फर्कयो। उसले आफ्नो छोरा बाँच्नेछ भनी विश्वासको साथ येशूलाई छोड्यो (४:५०)

तिनका चाकरहरूले तिनलाई भेटे र तिनको छोरा जीवित र निको भएको बताए (४:५१) येशूले केटालाई निको पार्ने प्रतिज्ञा गर्नुभएको एक क्षणमै यो अचम्मको काम भएको थियो (४:५२-५३)।

उच्च अधिकारी र तिनका सबै परिवारले येशूमा विश्वास गरे (४:५३)। उहाँ प्रतिज्ञा गरिएको मसीह, परमेश्वरको पुत्र हुनुहुन्छ भनी तिनीहरूले विश्वास गरे।

## बाइबल पढाईः यूहन्ना अध्याय ५

# येशूले शबाथ दिनमा लङ्गडा मानिसलाई निको पार्नुहुन्छ

केही समय पछि, येशू फेरि यरुशलेमसम्म जानुभयो। उहाँ भेडा ढोकाको नजिक हुनुहुन्थ्यो। यहूदीहरूले निस्तार चाडमा रगत बलिदानको लागि थुमाहरू त्यही बाटो भएर ल्याए।


नजिकै पानीको पुरानो पोखरी थियो, जहाँ अपाङ्गता भएका मानिसहरू छायामाा बस्ने गर्थ्यो (५:२-४)। बिरामी, अन्धा र लङ्गडाहरू त्यहाँ बसिरहेको हुनुथ्यो। एकजना हिँड्न नसक्ने मानिस ३८ वर्ष देखि त्यही पोखरीको किनारामा कसैले मद्दत गरी उसलाई पोखरीमा हालि दिन्छन् कि ? भनेर पर्खिरहेका थिए।

त्यहाँ स्वर्गदूत आउनुहुन्छ भनेर यहूदीहरू विश्वास गर्थे। स्वर्गदूतले पानी हल्लाएपछि पानीमा जाने पहिलो व्यक्ति निको हुन्थ्यो। लङ्गडा मानिसलाई पानीमा हालेर सहायता गरी दिने कोही पनि थिएन। त्यसैले अरुहरू नै पहिले ओर्लि हाल्थ्यो (५:७)

येशूले त्यो मानिसलाई त्यहाँ परिहेको देख्नु भयो। येशूलाई उसको बारेमा सबै थाहा थियो। त्यसैले उहाँले उसलाई सोध्नुभयो, "के तिमी निको हुन चाहन्छौ?" (५:६)। यो मानिसलाई कसरी मद्दत गर्ने र उसलाई आफ्नो जीवनभरको समस्याबाट कसरी मुक्त गर्ने ? भन्ने बारेमा येशूलाई थाहा थियो।

लङ्गडा मानिसलाई येशू को हुनुहुन्छ, भन्ने थाहा थिएन । त्यो अशक्त मानिसले भन्यो, "हजुर ! मलाई पोखरीसम्म पुऱ्याउनलाई सहायता गर्ने कोही पनि छैन।" (५:७)

येशूले उसको बहानालाई बेवास्ता गरेर भन्नुभयो, "खडा होऊ, आफ्नो ओछ्यान उठाऊ र हिँड" (५:८)।




येशूले ३८वर्ष देखि निको हुन पर्खिरहेको मानिसलाई भेट्नहुन्छ।

३८ वर्ष देखि पर्खिरहेको मानिसले येशूको आज्ञापालन गऱ्यो र

तुरुन्तै निको भयो। ऊ आफ्नो ओछ्यान उठाए र हिँडे।

यो येशूको समझ, प्रेम र बुद्धिको अर्को उदाहरण हो। उहाँले आफुलाई समास्या पारेर भएपनि अरुलाई सहायता गर्नुभयो।

त्यो शबाथको दिन थियो। केही धर्मगुरुहरूले येशूले निको पार्नुभएको मानिसलाई देखे। तिनीहरूले भने, “यो शबाथ हो, कानूनले तपाईंलाई आफ्नो ओछ्यान बोक्न अनुमति दिँदैन” (५:१०)

उसले जवाफ दियो, “त्यो मान्छे जसले मलाई निको पार्नुभयो उहाँले नै भन्नुभयो, “आफ्नो ओछ्यान बोकेर हिँड्”(५:११)।

तिनीहरूले त्यसलाई सोधे, “तिमीलाई ओछ्यान बोकेर हिँड् भन्ने को हो?” (५:१२) तर त्यो मानिसले उसलाई कसले निको पार्नु भएको थियो, थाहा थिएन।

जब येशू मन्दिरमा फर्कनुभयो, उहाँले त्यो मानिसलाई भेट्टाउनुभयो, उहाँले भन्नुभयो, “हेर ! तिमी निको भएका छौ। फेरि पाप नगर, र तिमीमाथि अझ बढी खराबी आई नपरोस्” (५:१४)। येशूलाई थाहा थियो कि पापले समस्या र प्रायःधेरै रोगहरू निम्त्याउँछ। त्यसैले हामी सबै पवित्र र स्वच्छ जीवन बिताउन होसियार हुनुपर्छ।

३८ वर्षसम्म यस मानिसको विश्वास स्वर्गदूतमा थियो। त्यो मानिस येशू ख्रीष्टमा विश्वास गरेर गयो। त्यसपछि उसले यहूदी गुरुहरूलाई येशूले उसलाई निको पार्नुभयो भनी बताए। (५:१५)

येशूले विश्रामको दिनमा यी कुरा गर्नुभएकोले धर्मगुरुहरू रिसाए। उनीहरूलाई मोशाको व्यवस्था थाहा थियो तर अर्थ थाहा थिएन। तिनीहरूसँग निको भएको अशक्त व्यक्तिको लागि  ख्रीष्टको प्रेम थिएन। तिनीहरूले आफ्नै नियमहरूको मात्र वास्ता गरे। शैतानले तिनीहरूको विश्वासलाई धार्मिक परम्पराहरूमा प्रयोग गरेर येशूमाथिको मानिसको विश्वासलाई नष्ट गर्न खोज्यो। यो अचम्मको काम हुन ३८ वर्ष प्रतिक्षा पछि भयो।

## येशूसँग अनन्त जीवनको वचनहरू छन्

येशूले शबाथमा मानिसहरूलाई निको पार्न र आशिष् दिने आफ्नो कामलाई रोक्नु भएन। येशूले तिनीहरूलाई भन्नुभयो, “मेरो पिता सधैँ आफ्नो काम गर्नुहुन्छ र आज सम्म पनि काम गर्दै हुनुहुन्छ। म पनि काम गर्दैछु” (५:१७)।

यसको अर्थ येशूले परमेश्वरलाई आफ्नै पिता भनेर भनिरहनु भएको थियो र आफैलाई परमेश्वरको बराबरी बनाई रहनु भएको थियो। त्यसैले यसले यहूदी अगुवाहरूलाई झन् रिस उठाए। तिनीहरूले येशूलाई मार्न चाहन्थे। (५:१८)

- पुत्र (परमेश्वरको) आफैले केही गर्न सक्दैन। उसले आफ्नो पिताले गरेको देखेको मात्र गर्छ। (५:१९)
- पिताले पुत्रलाई प्रेम गर्नुहुन्छ। उहाँले आफैले गरिरहनु भएका सबै काम पुत्रलाई देखाउनु भयो...यी भन्दा महान काम उहाँले देखाउनुहुनेछ (५:२०)।
- पिताले मृतकहरूलाई उठाउनुहुन्छ......त्यसरी नै पुत्रले पनि जीवन दिँदछ (५:२१)।
- पिताले कसैको न्याय गर्नुहुन्न। परमेश्वरले आफ्नो पुत्रलाई उहाँलाई पछ्याउनेहरूको न्याय गर्ने काम दिनुभएको छ। यो किनभने उहाँ प्रतिज्ञा गरिएको मसीह, परमेश्वरको पुत्र र मानिसको पुत्र हुनुहुन्छ (५:२२,२७)।

- तब सबै मानिसहरूले पुत्रलाई आदर गर्नेछन्। जसरी तिनीहरूले पितालाई आदर गर्छन् (५:२३)।
- जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ त्यसले अनन्त जीवन पाउँछ.....मृत्यु देखि त्यसले जीवनमा प्रवेश गरेको छ (५:२४)
- परमेश्वरको पुत्रको वचनमा विश्वास गर्नेहरू सधैंभरि बाँच्नेछन् (५:२५)।
- पिताले पुत्रलाई आफ्नै अनन्त जीवन दिनुहुन्छ (५:२६)। परमेश्वरको अनन्त जीवन येशूमा रहन्छ।

खीष्टमा; भएकाहरूले यी शिक्षाहरू बुझ्नेछन् र "पितालाई आदर गर्नेछन्" (५:२३)। येशूले भन्नुभयो, "यसमा अचम्म नमान। समय आइरहेछ जब चिहानमा हुनेहरू सबैले उसको स्वर सुन्नेछन्...असल कामहरू गर्नेहरू उठ्नेछन् र फेरि जीवित हुनेछन्। दुष्ट काम गर्नेहरू उठ्नेछन् र दोषी ठहरिनेछन्" (५:२८-२९)।

यद्यपि, येशूले भन्नुभयो, "मेरो न्याय निष्पक्ष छ। म आफैलाई खुशी पार्ने प्रयास गर्दिन। मलाई पठाउनु हुनेलाई मात्र खुशी पार्ने प्रयास गर्छु" (५:३०)।

## येशूको बारेमा गवाही

बप्तिस्मा दिने यूहन्नाले येशूको बारेमा सत्यको गवाही दिए भनेर येशूले भन्नुभयो (५:३३) येशूको बारेमा उहाँको गवाही साँचो ज्योति दिने बत्ती जस्तै थियो (५:३५)। त्यसपछि येशूले भन्नुभयो:

- "मसँग जो गवाही छ त्यो यूहन्नाको भन्दा महत्त्वपूर्ण छ"(५:३६)।
- जुन कामहरू पूरा गर्न पिताले मलाई दिनुभएको छ, ती काम म गरिरहेको छु। अनि तिनैले मेरो गवाही दिइरहेछन् कि पिताले मलाई पठाउनुभएको हो" (५:३६)।
- "मलाई पठाउनुहुने पिता आफैले मेरो विषयमा गवाही दिनुभएको छ" (५:३७न्न मर्कूस १:११)।

येशूले तिनीहरूलाई भन्नुभयो कि तिमीहरूले परमेश्वरको स्वर कहिल्यै पनि सुनेका थिएनौ, न त उहाँको वचन तिमीहरूमा रहेको थियो (५:३७-३८)। "किनभने जसलाई उहाँले पठाउनुभयो उहाँमाथि तिमीहरूले विश्वास गर्दैनौ" (५:३८)। त्यसपछि उहाँले आफ्नो बारेमा अझ धेरै कुराहरू भन्नुभयो:

- "तपाईंले अध्ययन गर्नुभएको (पुरानो नियम) धर्मशास्त्रहरूले मेरो बारेमा गवाही दिन्छ" (५:३९)।
- "तर तिमीहरू जीवन प्राप्त गर्न मकहाँ आउन इन्कार गर्छौ" (५:४०)।
- "म मानिसहरूबाट महिमा ग्रहण गर्दिन। मलाई थाहा छ, परमेश्वरको प्रेम तिमीहरूको हृदयमा छैन" (५:४१-४२)।
- "म आफ्ना पिताको नाउँमा आएको छु तर तिमीहरू मलाई ग्रहण गर्दैनौ"(५:४३)

धेरैले येशूका वचनहरूलाई इन्कार गरे। तिनीहरूले मोशाले येशूको बारेमा भनेका कुराहरू विश्वास गर्न पनि इन्कार गरे। तिनीहरूले येशूले आफ्नो बारेमा भनेका कुराहरू पनि विश्वास गर्न अस्वीकार गरे (५:४६-४७

### यसको बारेमा कुरा गर्नुहोस्:

१. काना सहरमा भएको उच्च अधिकारीमा बढेको विश्वासको वर्णन गर्नुहोस् (४:४७-५३)।

२. पोखरीमा पस्रिरहेको लङ्गडा मानिसमा भएको विश्वासको परिवर्तनको बारेमा वर्णन गर्नुहोस् (५:५-१४)।

३. शबाथमा येशूले कस्तो प्रकारको काम गर्नुभयो (५:६-९)?

४. परमेश्वर पिता र परमेश्वर पुत्रको बारेमा यूहन्नाले कुन महत्त्वपूर्ण शिक्षाहरू हामीले सम्झेको चाहनुहुन्छ (५:१८-२४)?

५. अनन्त जीवन र परमेश्वरले दिनुभएको उहाँको अधिकारको बारेमा येशूले के भन्नुभयो (५:२६–२७)?
६. येशूले अन्तको समयको बारेमा के सिकाउनुभयो (५:२८–२९)?
७. येशूले आफ्नो बारेमा दिनुभएको गवाहीको वर्णन गर्नुहोस् (५:३६–४३)।

**यसको बारेमा सोच्नुहोस्:**

उच्च अधिकारीले विश्वास गर्‍यो कि आफ्नो बिरामी छोरा निको हुनको लागि येशूले हेर्नु पर्दैन। उसको विश्वासको नतिजा के भयो (४:५३)? हामी कसरी अरुको विश्वास बढाउन प्रोत्साहित गर्न सक्छौं? यूहन्नाले अध्याय ५ मा लेख्नुभएको येशू र उहाँका पिताको बारेमा येशूको शिक्षाको बारेमा तपाईंको बुझाइ बढाउनको लागि परमेश्वरसँग प्रार्थना गर्नुहोस्। येशूको बारेमा तपाईंले बताउनु भएका कुराहरूलाई मानिसहरूले  विश्वास गर्न सकून भनि प्रार्थना गर्नुहोस्।

## बाइबल पढाईः यूहन्ना अध्याय ६

# येशूले भोकाएका भीडलाई खुवाउनु भयो

येशू आफ्ना चेलाहरूलाई सिकाउन को लागि एकान्त समय बिताउन चाहनुहुन्थ्यो। तिनीहरू डुङ्गाबाट गालील समुन्द्रको पारी गए (६:१)। भीडले उहाँलाई किनार सम्म पछ्याए। (६:२) किनभने उहाँले तिनीहरूलाई माया गर्नुहुन्थ्यो र तिनीहरूका बिमारलाई निको पार्नुहुन्थ्यो भनेर उनीहरूलाई थाहा थिए।

येशू आफ्ना चेलाहरूलाई सिकाउन डाँडामाथि जानुभयो (६:३)। तब येशूले ठुलो भीड आफुतिर आउँदै गरेको देख्नुभयो (६:५)। उहाँले तिनीहरू भोकाएको देख्नुभयो र तिनीहरूलाई खुवाउने निर्णय गर्नुभयो।  उहाँले फिलिपलाई भन्नुभयो, “यिनीहरूलाई खुवाउनका निम्ति हामीहरूले कहाँबाट रोटी किन्ने?” उहाँले तिनको जाँच गर्नको लागि यो भन्नुभएको थियो (६:६)। येशूलाई के गर्ने भनेर पहिले नै थाहा थियो।

फिलिपले यसका लागि ठूलो रकम खर्च हुने बताए (६:७)। तर अन्द्रियासले भने, “यहाँ एक जना ठिटो छ त्यससँग जौका साना साना पाँचवटा रोटी छ र दुईवटा साना माछा पनि छन् तर यति ठूलो भीडमा त्यो कति जनालाई पुग्ला” (६:८–९)? फिलिप र अन्द्रियासका यी टिप्पणीहरूले शङ्का र विश्वास दुबै देखाए। येशूको लागि जवाफ दिनलाई एउटा वास्ताविक प्रश्न थियो।

येशूले भन्नुभयो, “मानिसहरूलाई बस्न लाओ” (६:१०)। उहाँले परमेश्वरलाई धन्यवाद चढाउनुभयो र रोटीलाई भाँच्नुभयो। त्यसपछि उहाँले ५००० पुरुषहरू र महिला र बच्चाहरूलाई खुवाउनुभयो। उहाँले माछालाई पनि त्यस्तै गर्नुभयो (६:११)।

चेलाहरूले येशूबाट रोटी र माछा लिएर भीडहरूलाई दियो। त्यहाँ सबैको लागि पर्याप्त खाना थियो। धेरै खानेकुराहरू खाना नसकेर बाँकी पनि रहे। (६:१२–१३) उब्रेका खानाहरू त बाह्र डाला भरिने सम्म पर्याप्त थियो।




**यहाँ येशूले ५००० मानिसहरूलाई खुवाउन केटोको रोटी र माछा प्रयोग गर्नुहुन्छ।**

मानिसहरूले अचम्मको काम देखे। यो देखेर, उनीहरूले "उहाँ महान् अगमवक्ता हुनुहुन्छ जसलाई परमेश्वरले संसारमा आउनुहुनेछ।" भनी प्रतिज्ञा गर्नुभयो (६:१४)। तिनीहरूले उहाँलाई आफ्नो राजा बनाउन चाहन्थे। (६:१५) तर यसको सट्टामा, येशू आफ्नो पितासँग प्रार्थना गर्न एक्लै डाँडामा जानुभयो।

## येशू पानीमाथि हिंड्नु हुन्छ ।

येशू डाँडामा प्रार्थना गर्दै हुनुहुन्थ्यो। उहाँले तालमा चेलाहरूलाई बतासको विरुद्धमा कडा डुङ्गा खियाइ रहेको देख्नुभयो। अँध्यारो भयो र उनीहरूले करिब ५ किलोमिटर जति मात्रै डुङ्गालाई खिईएको थियो। (६:१६-१९)

येशू पानीमाथि हिँड्दै तिनीहरूकहाँ जानुभयो । उहाँलाई देख्दा तिनीहरू सुरुमा डराए । त्यसपछि चेलाहरूले येशूको आवाज सुने, "म हुँ, नडराओ।" (६:२०) यो उनीहरूको गुरुको आवाज थियो।

येशू तिनीहरूसँगै डुङ्गामा आउनुभयो, त्यसपछि डुङ्गा तुरुन्तै अर्को किनारमा आइपुग्यो। (६:२१)



येशू चेलाहरू सम्म पुग्न आँधीको पानीमा हिंड्नु हुन्छ

## येशूले हामीलाई परमेश्वरको साँचो काम के हो भनी बताउनुहुन्छ

येशूले ५००० मानिसहरूलाई खुवाउनुभएका ठाउँबाट मानिसहरू आइपुगे। तिनीहरू कफर्नहुममा उहाँलाई खोज्न गए। (६:२३-२४) तब, तिनीहरूले उहाँलाई समुन्द्रको अर्को किनारमा भेट्टाए (६:२५)।

तिनीहरूले उहाँलाई सोधे, "रब्बी (गुरु), तपाईं यहाँ कतिखेर आईपुग्नु भयो ?" येशूले भीडलाई भन्नुभयो, "तिमीहरूले अघाउञ्जेल रोटी खाना पाएका हुनाले मलाई खोजिरहेका छौ। नष्ट हुने भोजनको निम्ति परिश्रम नगर, तर अनन्त जीवनसम्म रही रहने भोजनको निम्ति परिश्रम गर।" (६:२६-२७) उहाँ अचम्मको कामको विरुद्धमा थिएनन्। यद्यपि, उहाँ तिनीहरूले उहाँलाई आफ्नो मुक्तिदाताको रुपमा विश्वास गरुन् भन्ने चाहनु हुन्थ्यो। उहाँले तिनीहरूलाई अनन्त जीवनसम्म डोऱ्याउने जीवनको रोटी दिन चाहनुहुन्थ्यो।

त्यसपछि तिनीहरूले येशूलाई एउटा महत्त्वपूर्ण प्रश्न सोधे, "परमेश्वरले हामीबाट के चाहनुहुन्छ ? उहाँले हामीले के काम गरेको चाहनुहुन्छ ?" (६:२८)

येशूले जवाफ दिनुभयो, "परमेश्वरको ईच्छा यही हो कि जसलाई उहाँले पठाउनुभयो उसमाथि विश्वास गरुन्" (६:२९) उहाँले "तपाईंले सक्दो राम्रो गर्नुहोस् र तपाईं स्वर्ग जानुहुनेछ" भनेर भन्नुभएन। कतिपय मानिसहरूले यी कुराहरू भन्दछन्, तर ती कुराहरू सत्य होइनन्। येशूले तिनीहरूलाई भन्नुभयो कि परमेश्वरको लागि सबैभन्दा राम्रो काम उहाँको पुत्रमा विश्वास गर्नु हो। हामी येशूको नाममा विश्वास गरेर परमेश्वरको लागि धेरै कामहरू गर्न सक्दछौं।

विश्वास शब्दको अर्थ येशूमा भरोसा गर्नु, उहाँमा पूर्ण रुपमा भरोसा गर्नु हो। आफैमा भर पर्न छोड्नुहोस्, "येशूलाई तपाईंको जीवन डोऱ्याउन दिनुहोस्।" येशूमा गरेको विश्वासले प्रतिफलहरू उत्पन्न गराउँछ। तपाईं उहाँको आत्माको शक्तिले परमेश्वरको निर्देशनमा काम गर्न सक्नु हुन्छ। त्यसपछि तपाईंले गलत कामहरू गर्न छोडन सक्नुहुन्छ र येशू ख्रीष्टद्वारा परमेश्वरको काम गर्न सुरु गर्न सक्नुहुन्छ। तपाईंले पहिला जस्तो अपवित्रताको जीवन जिउनु पर्दैन्।

## मन्न र जीवनको साँचो रोटी

भीडहरूले अझै पनि खाना सम्बन्धि अरु अचम्मको कामहरू हेर्न चाहन्थे। तिनीहरूले भने, "धैरै पहिले हाम्रा मानिसहरूले मरुभूमिमा स्वर्गबाट आएको मन्न खाए " (६:३१)।

येशूले भन्नुभयो, "तिमीहरूलाई स्वर्गबाट रोटी दिनुहुने मोशा होइनन्, तर स्वर्गबाट तिमीहरूलाई साँचो रोटी दिनुहुने मेरा पिता हुनुहुन्छ (६:३२)। परमेश्वरको रोटी त्यही हो जो स्वर्गबाट ओर्लि आउँछ। उहाँले संसारलाई जीवन दिनुहुन्छ" (६:३३)।

भीडले येशूलाई यो रोटी मागे। उहाँले तिनीहरूलाई धैरै महत्त्वपूर्ण जवाफ दिनुभयो। "जीवनको रोटी म नै हुँ। मकहाँ आउने भोकाउनेछैन, र ममाथि विश्वास गर्ने कहिल्यै तिर्खाउने छैन" (६:३५)।

तर....तिमीहरूले मलाई देखेका छौ र पनि विश्वास गर्दैनौ" (६:३६)। तिनीहरूले यहूदीहरूको इतिहासको बारेमा जान्नु हुन्थ्यो, तर आफ्नै मसिहलाई भने ईन्कार गरे।

तब, येशूले आफू र स्वर्गमा हुनुहुने उहाँको पिताको बारेमा अझ महत्त्वपूर्ण कुराहरू बताउनु भयो:

- परमेश्वरले मानिसहरूलाई येशूकहाँ आउन डोऱ्याउनुहुन्छ (६:३७)।
- उहाँकहाँ आउने कसैलाई येशूले कहिल्यै टाढा जान दिनुहुने छैन (६:३७)।
- आफ्नो इच्छा होइन, तर आफ्नो पिताको इच्छा पूरा गर्न येशू स्वर्गबाट तल आउनुभयो (६:३८)
- परमेश्वरले येशूलाई दिनुभएको कसैलाई पनि गुमाउन चाहनुहुन्न (६:३९)।
- येशूले हरेक विश्वासीलाई अन्तिम दिनमा जीवित पार्नुहुनेछ (६:३९)।
- येशूमा विश्वास गर्ने सबैले अनन्त जीवन पाएको परमेश्वर चाहनुहुन्छ (६:४०)

## धार्मिक अगुवाहरू येशूसँग बहस गर्छन्

यहूदीहरूले येशूको बारेमा गुनासो गर्न थाले। किनभने उहाँले भन्नुभयो, "स्वर्गबाट ओर्लि आएको रोटी म नै हुँ" (६:४१)। तिनीहरूले उहाँको बुबा र आमालाई चिनेका थिए त्यसैले तिनीहरूले उहाँ स्वर्गबाट आउनुभएको हो भनी विश्वास गर्न अस्वीकार गरे।

"के यो योसेफको छोरो, येशू होइन?" तिनीहरूले आपसमा सोधे (६:४२)।

येशूले तिनीहरूलाई बहस गर्न बन्द गर्न भन्नुभयो (६:४३)। उहाँले तिनीहरूलाई आफ्नो बारेमा यी कुराहरू भन्नुभयो:

- पिताले ल्याउनु भएन भने मकहाँ आउन कोही पनि आउन सक्दैन। त्यसपछि म उसलाई अन्तिम दिनमा जीवित पार्नेछु"(६:४४)।
- "जसले पिताको कुरा सुन्छ र उहाँबाट सिक्छ, त्यो मकहाँ आउनेछ"(६:४५)।
- "पितालाई कुनै मानिसले देखेको छैन, केवल उसले मात्र देखेको छ जो परमेश्वरबाट आएको हो, उसैले पितालाई देखेको छ"(६:४६)।
- "प्रत्येक जसले (मलाई) विश्वास गर्छ त्यससित अनन्त जीवन छ"(६:४७)।
- "म जीवनको रोटी हुँ" (६:४८)।

"धेरै समय अघि तिमीहरूका मानिसहरूले मरुभुमिमा मन्न खाए र तिनीहरू मरे। तर स्वर्गबाट ओर्लि आउने रोटी यही हो। स्वर्गबाट ओर्लि आएको जिउँदो रोटी म नै हुँ...कसैले यो रोटी खायो भने त्यो सधैँभरि जिउनेछ। यो मेरो शरीर हो। म यो संसारका जीवनको लागि दिनेछु" (६:४९-५१)

त्यसपछि यहूदीहरूले झनै बहस गरे। "यस मानिसले कसरी हामीलाई आफ्नो शरीर खान दिन सक्छ?" (६:५२)।

येशूले तिनीहरूलाई छक्क पार्न थप कुराहरू भन्नुभयो। "म तिमीहरूलाई के भन्न चाहन्छु त्यो सत्य हो......जसले मेरो देह खान्छ र मेरो रगत पिउँछ, उससँग अनन्त जीवन हुन्छ। यदि तिनीहरूले विश्वास गरे भने म तिनीहरूलाई अन्त्यको दिनमा, जीवित पार्नेछु" (६:५३-५४)। यसको अर्थ के हो भने, यदि उहाँलाई विश्वास गरे र उहाँलाई खुवाएमा तिनीहरूले अनन्त जीवन पाउनेछन् भन्ने येशूको अर्थ थियो।

"जसले मेरो देह खान्छ र मेरो रगत पिउँछ, ती ममा रहन्छ र म त्यसमा रहन्छु"(६:५६)। येशूले पनि भन्नुभयो, "जीवित पिताले मलाई पठाउनुभयो र म पिताको कारणले जिउँछु। त्यसै गरी मलाई खाने पनि मेरो कारणले जिउनेछ" (६:५७)।

उहाँले फेरि भन्नुभयो, "धेरै पहिले यहूदीहरूले स्वर्गबाट मन्न खाए र मरुभुमिमा मरे। तर यो रोटी खानेचाहिँ सधैँभरि जिउनेछ" (६:५८)।

# धेरै चेलाहरूले येशूलाई छोडेका

येशूका चेलाहरूले उहाँका शिक्षाहरू बुझ्न गाह्रो छ भनी सोचेका थिए (६:६०-६१)। यदि तिनीहरूले उहाँलाई स्वर्गमा फर्किंदै गरेको देखे भने तिनीहरूले के सोच्छन् होला (६:६२)?

मानिसहरूलाई परमेश्वरको पवित्र आत्माद्वारा यी सत्यहरूलाई बुझ्न सिकाइएको छ। येशुले भन्नुभयो, "आत्मा नै हो जसले जीवन दिनु हुनुहुन्छ।" मासु वा शरीरको कुनै अर्थ छैन। "जुन वचन मैले तिमीहरूसँग बोलेको छु ती आत्माबाट हुन् जसले जीवन दिनुहुन्छ"(६:६३)।

येशूले भन्नुभयो, "तिमीहरूमध्ये कति छन् जसले विश्वास गर्दैनन्।" शत्रुको पक्षमा गएर उहाँलाई कसले धोका दिन्छ भनी उहाँलाई पहिले नै थाहा थियो (६:६४)।

धेरै मानिसहरूले रोटी र माछाको आश्चर्य कर्ममा मात्र विश्वास गरे। येशू नै जीवनको रोटी हुनुहुन्छ भन्ने ठूलो सत्यतालाई तिनीहरूले गुमाए। उहाँले फेरि भन्नुभयो,"यदि पिताबाट दिइएको छैन भने कोही मकहाँ आउन सक्दैन"(६:६५)

यस समयदेखि धेरै मानिसहरू येशूलाई छोडेर पछि हटे र अव देखि उसो कहिल्यै पनि येशूको पछि लागेनन्। (६:६६) येशूले बाह्र चेलाहरूलाई तिनीहरूले पनि उहाँलाई छोड्न चाहन्छन् कि भनेर सोध्नु भयो (६:६७)। येशूले तिनीहरू उहाँसँगै बसेको चाहनुहुन्थ्यो तर उहाँलाई थाहा थियो कि तिनीहरू आफैं बस्ने वा जाने निर्णय गर्नुपर्छ। हामीले पनि त्यस्तै गर्नुपर्छ।

तब यूहन्नाले पत्रुसले बोलेका विश्वासका यी अचम्मका वचनहरू लेखे। "हे प्रभु, हामी कसकहाँ जाऔं ? तपाईंसित अनन्त जीवनका वचन छ। हामी विश्वास गर्छौं र जान्दछौं कि तपाईं नै परमेश्वरको पवित्र जन हुनुहुन्छ" (६:६८-६९)।

तर बाह्र मध्ये एक यहूदा इस्करियोत, जसले पछि येशूलाई धोका दिए (६:७०-७१)।

**यसको बारेमा कुरा गर्नुहोस्:**

१. जब येशूले रोटीलाई आशिष् दिनुभयो, तब के भयो (६:११) ? अचम्मको काममा चेलाहरूले कस्तो भूमिका खेले ? के येशूलाई तिनीहरूको मद्दतको आवश्यकता थियो ?

२. भीडले किन येशूलाई पछ्याए ? केले आज मानिसहरूलाई येशूकहाँ ल्याउँछन् ?

३. परमेश्वरको कामहरू गर्न हामीले के गर्नुपर्छ (६:२९-३०)?

४ .तपाईंको आफ्नै शब्दमा भन्नुहोस् किन वा कसरी येशू जीवनको रोटी हुनुहुन्छ (६:२७-३५; ५३-५४)।

५. ६:३७-६५ मा भएको येशूका महत्त्वपूर्ण शिक्षाहरूलाई व्याख्या गर्नुहोस्।

६. "मेरो देह खाओ र मेरो रगत पिओ" भनेर येशूले भन्नुको अर्थ के थियो (६:५३-५४)?

७. हामीलाई बुझ्न र येशूको चेलाहरू बन्न कसले मद्दत गर्छ (६:६३)?

८. ६:६८-६९ मा पत्रुसले बोलेका वचनहरूको बारेमा के महत्त्वपूर्ण छ ?

**यसको बारेमा सोच्नुहोस्:** किन येशूले मानिसहरूले उहाँलाई राजा बनाओस् भन्ने चाहनुभएन (६:१५) ? येशूले बाह्र जना चेलाहरूलाई उहाँलाई छोड्न चाहनुहुन्छ भनेर किन सोध्नुभयो (६:६७)?

**यसको बारे प्रार्थना गर्नुहोस्:** तपाईंलाई चाहिने खानेकुरा हरेक दिनको लागि परमेश्वरसँग माग्नुहोस्। तपाईंको शरीर र आत्माको लागि चाहिने भोजन माग्नुहोस्। तपाईंको आफ्नो जीवनमा परमेश्वरले गर्न चाहनु भएको काम देखाउन पवित्र आत्मासँग सोध्नुहोस्। येशूको नाउँमा प्रार्थना गर्नका लागि अचम्मका कामहरू देखाउन उहाँलाई सोध्नुहोस्। पत्रुसले जस्तै येशूसँग कुरा गर्न विश्वासका साहसी वचनहरू प्रयोग गर्नुहोस्।

## बाइबल पढाई: यूहन्ना अध्याय ७

# येशू यरुशलेममा गुप्त रुपमा भोजमा जानु हुन्छ

त्यसपछि, येशूले निरन्तर रुपमा गालीलको क्षेत्रमा सिकाउन र अचम्मको कामहरू प्रदर्शन गर्नुभयो। यरुशलेमका यी धर्मगुरुहरूले उहाँलाई मार्न चाहन्थे। त्यसैले उहाँ यरुशलेम र यहूदियाको क्षेत्रबाट टाढा रहनुभयो (७:१)।

चाँडै नै फसलको समय भएको थियो, जब धेरै यहूदीहरू छाप्रो-वासको चाडको लागि यरुशलेम जान्छन्। यस समयमा, येशूका सौतेनी भाइहरूले उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भनेर विश्वास गरेनन्। "प्रसिद्ध हुन चाहने कसैले पनि यी कुराहरू गोप्य रुपमा गर्दैनन्" तिनीहरूले उहाँलाई भने। "तपाईंले यी कामहरू गरिरहँदा, आफूलाई संसारमा प्रकट गराउनुहोस्" (७:३-५)। त्यसैले तिनीहरूले उहाँलाई यरुशलेम जान भने।

येशूले तिनीहरूलाई भन्नुभयो, "मेरो लागि उपयुक्त समय अझै आएको छैन...तिनीहरूले मलाई घृणा गर्छन्। यो किनभने म गवाही दिन्छु कि तिनीहरू जे गर्छन् खराब गर्छन्" (७:६-७)। येशूले परमेश्वरको समयमा भरोसा गर्नुभयो।

उहाँका भाइहरू भोजको लागि यरुशलेम गए। येशू पछि गोप्य रुपमा जानुभयो (७:१०)। धेरै मानिसहरू उहाँलाई खोजिरहेका थिए। कसै-कसैले उहाँ असल हुनुहुन्छ भनी विश्वास गरे र कसैले उहाँमा विश्वास गरेनन् (७:११-१२)।

जब चाड आधा सकिएको थियो, येशू मन्दिरमा जानुभयो र मानिसहरूलाई शिक्षा दिन थाल्नु भयो (७:१४)। यहूदीहरू उहाँको शिक्षा सुनेर छक्क परे। तिनीहरूले सोधे, "यस मानिसले कसरी यति धेरै जान्ने भए ?" (७:१५)।

येशूले जवाफ दिनुभयो, "म जे सिकाउँछु त्यो मेरो आफ्नै होइन। यो मलाई पठाउनु हुनेबाट आएको हो। यदि कुनै मानिसले परमेश्वरको इच्छा पालन गर्न चाहन्छ भने मेरो शिक्षा परमेश्वरबाट हो कि मबाट आएको हो भनी थाहा पाउनेछ" (७:१६-१७)।

त्यसपछि येशूले भन्नुभयो कि जो व्यक्ति परमेश्वरको सम्मानको लागि काम गर्दछ ऊ भित्र परमेश्वरको सत्यता हुन्छ (७:१८)। येशूले यी वचनहरू आफ्नो बारेमा भन्नु भएको थियो तर यी वचनहरू येशूका सबै अनुयायीहरूको लागि पनि सत्य छन्।

विश्रामको दिनमा असल काम गरेकोमा केही धार्मिक अगुवाहरूले उहाँलाई मार्न खोजेको कुरा येशूलाई थाहा थियो।

उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू मध्ये कसैले (मोशाको) व्यवस्था पालन गर्दैनौ। तिमीहरू किन मलाई मार्न खोज्दैछौ?" (७:१९-२०) "तिमीहरू शबाथमा केटाहरूको खतना गर्छौ...किन मसँग रिसाउँछौँ ? मैले शबाथमा एक जना मानिसलाई पूरै निको पारिदिएँ....ठीक किसिमले इन्साफ गर" (७:२३-२४)।

## धर्म-गुरुहरूले येशूलाई पक्रन खोज्छन्

भीडहरूले, येशू ख्रीष्ट नै प्रतिज्ञा गरिएको मसीह हुनुहुन्छ कि ? भनेर सोध्न थाले। (७:२५-२६)। यहूदीहरूले तिनीहरूका मसीह गोप्य रुपमा आउनुहुनेछ भनेर विश्वास गर्थे। येशू नासरतका हुनुहुन्थ्यो भनी उनीहरूलाई थाहा थियो। "जब येशू ख्रीष्ट आउनुहुन्छ, उहाँ कहाँका हुनुहुन्छ कसैले थाहा पाउनेछैन" तिनीहरूले भने (७:२७)। यो झूटो शिक्षा थियो।

येशूले मन्दिरको चोकमा उभिरहेका मानिसहरूलाई शिक्षा दिँदै हुनुहुन्थ्यो। उहाँ ठुलो स्वारले कराउनु भयो र भन्नुभयो, "हो, म कहाँबाट आएको (सहर) तिमीलाई थाहा छ (तर) मलाई पठाउनु हुनेलाई ....तिमीहरू चिन्दैनौँ" (७:२८)। "म उहाँलाई चिन्छु ... उहाँले मलाई पठाउनुभयो" (नासरतका योसेफको भावी पत्नी मरियमको गर्भमा उहाँलाई मानव जीवन दिनुभएको पवित्र आत्माद्वारा येशू परमेश्वरबाट आउनुभयो। स्वर्गमा येशू पवित्र त्रिएक परमेश्वरको एक अंश हुनुहुन्छ।

जब येशूले यसो भन्नुभयो, तब तिनीहरूले उहाँलाई पक्रन खोजे तर उहाँलाई कसैले छोएनन्। उहाँको क्रुसमा टाँगिने समय अझै आएको थिएन (७:३०)।

**येशू को हुनुहुन्छ भन्ने बारेमा वादविवादहरू (यूहन्ना ७:४०-४३)**

केही मानिसहरूले येशू नै पुरानो नियमको मसीह आउनु भन्दा अघि आउने अगमवक्ता हुन भनेर विश्वास गरे। अरुले येशू नै प्रतिज्ञा गरिएको मसीह वा ख्रीष्ट हुनुहुनछ भनी विश्वास गरे।

पुरानो नियमका लेखहरूले मसीह राजा दाऊदको घरानाबाट आउनेछन् भनी बताए छ। उहाँ बेथलेहेम सहरबाट आउनुहुनेछ जहाँ दाऊद बस्थे। मानिसहरूलाई थाहा थियो कि येशू नासरतमा मरियम र योसेफसँग हुर्कनुभयो। येशू बेथलेहेममा जन्मनु भएको थियो भनेर तिनीहरूलाई त्यति बेला थाहा थिएन। (मति २:१-६) योसेफ राजा दाऊदको परिवारका थिए भनी तिनीहरूलाई थाहा थिएन (मत्ती:१)। मरियम पनि राजा दाऊदको परिवारबाट हो भनेर तिनीहरूलाई थाहा थिएन्। त्यसैले मानिसहरू येशू को हुनुहुन्थ्यो ? भन्ने कुरामा सहमत हुन सकेनन् वा मानेन्। तिनीहरूले शंका गरे वा असहमत भए, तर धेरैले तर्क गरे र विश्वास गर्न अस्वीकार गरे। मानिसहरू आज पनि तर्क र शंका गर्छन्

त्यसबेला भीडका धेरै मानिसहरूले येशूमा विश्वास गरे । यसरी  विश्वास गर्नुको कारण उहाँले गर्नुभएका धेरै अचम्मका आश्चर्यकर्महरूको कारण  थियो (७:३१)। धर्मगुरुहरूले तिनीहरूले भनेको कुरा सुने। यसैले तिनीहरूले येशूलाई पक्रन मद्दतको लागि पठाए (७:३२)।

येशूलाई यो कुरा थाहा थियो र भन्नुभयो, “म तिमीसँग थोरै समयको लागि मात्र हुनेछु।” (७:३३) उहाँ स्वर्गमा हुनुहुने उहाँको पिताकहाँ फर्किने बेला भइसकेको थियो। “म मलाई पठाउनुहुने कहाँ जानेछु। तिमीहरूले मलाई खोज्नेछौ, तर भेट्टाउनेछैनौ र म जहाँ जाँदैछु त्यहाँ तिमीहरू आउन सक्दैनौ।” (७:३४)

धर्मगुरुहरूले अझै बुझेनन्। (७:३५-३६)

## येशू भन्नुहुन्छ, “यदि कोही तिर्खाएको छ भने मकहाँ आऊ”

भोजको अन्तिम दिनमा, येशू उठ्नुभयो र ठूलो स्वरमा भन्नुभयो, “यदि कोही तिर्खाएको छ, मकहाँ आएर पिओस्” (७:३७)।

जब हामी येशूमा विश्वास गर्छौं, हामीले उहाँको आत्माको जिउँदो पानी पाउँछौं। आत्मा हामी भित्र पानीको मुहान झै उम्रनु हुन्छ र अरुहरू सम्म बगेर जान्छ। येशूले भन्नुभयो, “के कसैले म माथि विश्वास गर्छ ? तब उसको अन्तस्करणबाट जिउँदो पानीका मूलहरू फुटेर निस्कनेछ। (७:३८)।

जब उहाँले यो भन्नुभयो, उहाँले पवित्र आत्माको बारेमा भन्नुभएको थियो (७:३९)। येशूले सामरियाको इनारमा भेटेकी स्त्रीलाई पनि यही प्रतिज्ञा गर्नुभएको थियो। (४:१०,१४) येशूमा विश्वास गर्नेहरूले पछि पवित्र आत्मा पाउनेछन्। त्यस समयसम्म, उहाँका चेलाहरूलाई पवित्र आत्मा दिइएको थिएन। (७:३९) येशूको पुनरुत्थान देखि, विश्वास गर्ने सबैलाई पवित्र आत्मा दिइएको छ (प्रेरित २:३८-३९)।

जब तिनीहरूले येशूका यी वचनहरू सुने, धेरैले उहाँमा विश्वास गरे। (यूहन्ना ७:४०-४१) अरुले शंका गरे, वा बहस गरे। तर्कले विश्वासलाई नष्ट गर्छ।

मन्दिरका पहरेदारहरू येशूलाई पक्राउ नगरीकन गए। तिनीहरूले भने, “यस मानिसले जस्तो त कसैले कहिल्यै बोलेको छैन्।” (७:४५-४६) येशूले बोल्नु भएको वचनहरू तिनीहरूलाई सोच्नको लागि महत्त्वपूर्ण सत्यताहरू थिए।

यहूदी अगुवा निकोदेमसले येशूमा विश्वास गरे। उनले तिनीहरूको सभास्थलमा बोले। उनले सोधे, “के हाम्रो व्यवस्थाले कसैको सुनुवाइ नभई त्यसलाई दोषी ठहराउँछ?”। (७:५१)

त्यसपछि सबैजना घर गए। एक महान अगमवक्ता इजरायलका मसीह नासरत वा गालीलको क्षेत्रबाट आएका छन् भनेर धेरैले विश्वास गर्न सकेनन्। (७:५२-५३)

**यसको बारे कुरा गर्नुहोस्:**

१. किन येशूका भाइहरूले उहाँलाई यरुशलेम फर्कियोस भन्ने चाहेका थिए (७:१-५)?
२. येशलू चाडमा तुरुन्तै नजानुको कारण के दिनुभयो (७:६-८) ?
३. कसरी हामीभित्र परमेश्वरको सत्यता राख्न सक्छौं (७:१८)?
४. किन भीडका धेरै मानिसहरू येशूको अनुयायी वा चेला बने ? (७:३१)
५. येशूले “म जहाँ जाँदैछु, त्यहाँ तिमीहरू आउन सक्दैनौ” भन्नुको अर्थ के हो ?(७:३६)
६. पवित्र आत्मा प्राप्त गर्ने बारे येशूले के भन्नुभयो ?(७:३७-३९)

**यसको बारेमा सोच्नुहोस्:** मानिसहरूले येशूमा विश्वास नगर्नुका कारणहरू के के थिए ? (७:४१-४३) आज कसरी तर्कहरू वा विवादहरूले विश्वासमा बाधा पुऱ्याउँछ ? वर्णन गर्नुहोस्। भीडमा येशू यति लोकप्रिय हुनुको कारण के थियो (७:३१)? येशूको बारेमा अब पूर्ण सत्यता प्रकट गराउनु भएकोमा परमेश्वरलाई धन्यवाद दिनुहोस्।

**यसको बारेमा प्रार्थना गर्नुहोस्:** परमेश्वरसँग उहाँको सत्यता तपाईंमा सधैं जिवित रहिरहोस भनेर प्रार्थना गर्नुहोस्। उहाँको लागि तपाईंको काममा बाधा पूऱ्याउने धार्मिक परम्पराहरू देखाउन उहाँलाई भन्नुहोस्। येशूलाई भन्नुहोस् कि तपाईं परमेश्वरको प्रेम र सत्यलाई उहाँले पृथ्वीमा गर्नुभएका आश्चर्यकर्महरू सहित तपाईं पनि बाँड्न चाहनुहुन्छ। येशू परमेश्वरको पुत्र हुनुहुन्छ भनी बहस गर्ने वा विश्वास गर्न अस्वीकार गर्नेहरूबाट कहिले टाढा जाने भनेर अगुवाईको लागि उहाँसँग बुद्धि माग्नुहोस्।

## बाइबल पढाई: यूहन्ना अध्याय ८

# येशूले पापी स्त्रीलाई क्षमा दिनुहुन्छ ।

त्यो रात, येशू यरुशलेमको ठीक बाहिर जैतूनको डाँडामा आराम गर्नुभयो (८:१)। त्यहाँ जैतूनको रुखहरू भएको सानो बगैंचा थियो, जुन आज पनि त्यहाँ खेती गरिन्छ। भोलिपल्ट बिहान सबेरै, येशू मन्दिरमा फर्कनुभयो। उहाँले मन्दिरको चोकमा बसेर मानिसहरूलाई शिक्षा दिनुभयो।


धर्मगुरुहरूले उहाँलाई गिरफ्तार गर्ने कुनै कारण भेट्टाउन सकेनन्, त्यसैले तिनीहरूले व्यभिचारमा फसेकी एउटी स्त्रीलाई उहाँकहाँ ल्याए (८:३)। तिनीहरूले येशूले के भन्नुहुन्छ भनी हेर्न चाहन्थे।

मोशाको व्यवस्थाले उसलाई ढुङ्गाले हानेर मार्न भनिएको थियो (८:५)। येशूले पर्खनुभयो र त्यसपछि उहाँले भन्नुभयो, "के तिमीहरू मध्ये कसैले पाप गरेको छैन? त्यसोभए तिमी उसलाई ढुङ्गा प्रहार गर्ने पहिलो व्यक्ति हौऊ" (८:७)। यी मानिसहरूलाई थाहा थियो कि तिनीहरू सबै पापी थिए। एक एक गरेर, तिनीहरू केही नबोली गए। येशू स्त्रीसँग एक्लै छोडिनुभयो।

येशूले तिनलाई सोध्नुभयो, "नारी, तिनीहरू कहाँ छन् ? के कसैले तिमीलाई दोषी पाएको छैन् ?"

"कोही छैन, गुरु, "तिनले भनिन् । त्यसपछि येशूले पापीसँग बोलेको सबैभन्दा दयालु शब्दहरू भन्नुभयो, "त्यसो भए म पनि तिमीलाई दोषी ठान्दिन । अब जाऊ र आफ्नो पापको जीवन छोड्" (८:११) उनी बिना दण्ड जान र येशूलाई पछ्याउन स्वतन्त्र थिए।

येशूको क्षमादानको कारणले, परमेश्वरले अवदेखि तिनलाई पापीको रुपमा हेर्नुभएन्। अव तिनले पाप गर्न छोडेर येशूलाई पछ्याउनु पर्थ्यो।




**धर्मगुरुहरूले येशूले के गर्नुहुँदो रहेछ भनेर जाँच्नको लागि एउटी पापी स्त्रीलाई उहाँकहाँ ल्याउँछन्।**

येशूको ज्योति पापी स्त्रीको हृदयमा चम्कियो। यसले उसको सजाय, लाज र अस्वीकारको डर हटायो। यसले उनलाई नयाँ जीवन जिउन मद्दत गर्‍यो। पापी स्त्रीले विश्वास गरिन् र येशूद्वारा देखाइएको परमेश्वरको कृपा प्राप्त गरिन्।

## येशू भन्नुहुनन्छ,“म संसारको ज्योति हुँ”

येशूले मानिसहरूसँग फेरि बोल्नुभयो। उहाँले भन्नुभयो, “म संसारको ज्योति हुँ” (८:१२)।

प्रेरित पत्रुसले लेखे, “परमेश्वरले तिमीहरूलाई उहाँका विशेष मानिसहरू हुन चुन्नुभयो । उहाँले तिमीहरूलाई अन्धकारबाट उहाँको उदेकको ज्योतिमा ल्याउनुभयो ।” (१पत्रुस २:९-१०)

येशूको ज्योतिले हामी सवैजनालाई जीवनमा आशा दिन्छ। यसैले उहाँले भन्नुभयो, “मलाई पछयाउनेहरू कहिल्यै अन्धकारमा हिँड्डुल गर्नेछैन। तिनीहरूले जीवनमा डोऱ्याउने ज्योति पाउनेछन्” (यूहन्ना ८:१२)।

धर्मगुरुहरूले येशूसँग फेरि बहस गर्न थाले (८:१३)। येशूले भन्नुभयो, “म जान्दछु म कहाँबाट आएको हुँ र मलाई थाहा छ म कहाँ जाँदैछु। तर तिमीहरूलाई थाहा छैन म कहाँबाट आएको छु वा कहाँ जाँदैछु” (८:१४)। पृथ्वीमा आफ्नो जीवनको लागि उहाँको पिताको उद्देश्य येशूलाई थाहा थियो। उहाँलाई पठाउनु हुने उहाँको पिता परमेश्वर हुनुहुन्थ्यो। (८:१६,१८)

तिनीहरूले येशूलाई सोधे,“तिम्रा पिता कहाँ छन्?” (८:१९)

येशूले जवाफ दिनुभयो, “तिमीले न त मलाई चिन्छौ न मेरो पितालाई”। “तिमीले मलाई चिनेको भए मेरो पितालाई पनि चिन्ने थियो।” यदि हामी परमेश्वरलाई चिन्न चाहन्छौं भने, हामीले येशूलाई हेर्नुपर्छ। उहाँ पृथ्वीमा आउनुहुने परमेश्वर हुनुहुन्छ। उहाँ ठयाक्कै परमेश्वर जस्तै हुनुहुन्छ (हिब्रू १:३)।

यी धर्मगुरुहरूले येशूमा परमेश्वरलाई हेर्न र देख्न अस्वीकार गरे। यद्यपि, उनीहरूले उहाँलाई पक्राउ गरेनन्। किनकि उहाँको मृत्युको समय अझै आएको थिएन। (यूहन्ना ८:२०)

येशूले तिनीहरूलाई छोडेर जाने चेतावनी दिनुभयो। “म जहाँ जाँदैछु त्यहाँ तिमीहरू आउन सक्दैनौ” उहाँले भन्नुभयो। (८:२१) यसले धर्मगुरुहरूलाई सोध्न बाध्य बनायो, “के उसले आत्महत्या गर्नेछ ?” (८:२२)

येशूले भन्नुभयो, “तिमी तलका हौ, म स्वर्गबाट आएको हुँ” (८:२३)। तिनीहरू तिनीहरूको धार्मिक परम्पराको कारणले पापमा मरिरहेका थिए। (८:२४) तिनीहरू स्वर्गमा प्रवेश गर्ने छैनन्। पापमा मर्नु भनेको अनन्त जीवनको आशा बिना मर्नु हो।

“तिमी को हौ?” भनी तिनीहरूले उहाँलाई सोधे। (८:२५) उहाँ प्रतिज्ञा गरिएको मसीह, परमेश्वरको पुत्र हुनुहुन्छ भनेर उनीहरूले विश्वास गरेको येशू चाहनुहुन्थ्यो। उहाँले भन्नुभयो, “मैले लामो समयदेखि के दाबी गर्दै आएको छु”। यो धेरै महत्त्वपूर्ण छ। येशू हाम्रो मुक्तिदाता हुनुहुन्छ। उहाँ हामी सबैलाई बचाउनको लागि परमेश्वरको दयालु योजना हुनुहुन्छ। विश्वास गर्ने निर्णय अर्को दिनको लागि छोड्नु हुदैन। त्यति बेला धेरै ढिलो भइसकेको हुन सक्छ।

येशू मृत्युबाट बौरी उठ्नुभएपछि, उहाँका वचनहरू सत्य साबित हुनेछन् भनी उहाँलाई थाहा थियो। “तब तिमीले थाहा पाउनेछौ कि म उही हुँ जो म हुँ भनेर दाबी गर्छु......म पिताले जे सिकाउनु भएको छ त्यही बोल्छु” (८:२८)।

## येशू र अब्राहाम

फेरि, भीडमा धेरै मानिसहरूले येशूमा विश्वास गरे(८:३०)। उहाँले तिनीहरूलाई यी प्रसिद्ध वचनहरू सिकाउनुभयो। “यदि तिमीहरूले मेरो शिक्षा पालन गर्यौ भने, तिमीहरू साँच्चै मेरा चेलाहरू हौ। तब तिमीहरूले सत्य के हो सो जान्नेछौ र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ। (८:३१-३२) येशूले क्षमा, विश्वास र स्वतन्त्रता प्रदान गर्नुहुन्छ।

कसै–कसैले सोधे, “हामी अब्राहामका सन्तान हौं, हामी अहिलेसम्म कसैको दासत्वमा परेका छैनौं । तव तिमीहरू स्वतन्त्र हुनेछौ भनी कसरी भन्छौ?”(८:३३)

येशूले तिनीहरूलाई सम्झाउनु भयो, “हरेक जसले पाप गर्छ पापको दास हो…यदि मानिसको पुत्रले तिमीहरूलाई स्वतन्त्र पार्छ भने, तिमीहरू साँच्चै स्वतन्त्र हुनेछौ” (८:३४,३६) । मानिसको पुत्र पुरानो नियममा दिइएको प्रतिज्ञा गरिएको मसीहको नाम मध्ये एक थियो जुन नाम येशूले आफ्नो लागि प्रयोग गर्नुभयो ।

त्यसपछि त्यहाँ यहूदीहरूका पिता को थिए ? भन्ने बारेमा लामो छलफल भयो । अब्राहाम वा परमेश्वर । यहूदीहरूले आफू अब्राहामका सन्तान भएकोमा गर्व गर्थे । येशूले तिनीहरूमध्ये केहीलाई भन्नुभयो कि तिनीहरू वास्तवमा अब्राहामका सन्तान होइनन् किनभने तिनीहरू अब्राहामको जस्तो व्यवहार गर्दैनन् (८:३९) । तिनीहरू यहूदीकुलमा जन्मेका थिए, तर यसले तिनीहरूलाई अब्राहामका साँचो छोराहरू र परमेश्वरका छोराहरू बनाएनन् । येशूले आफ्नो पिता परमेश्वरबाट सत्य कुरा सुन्नुभयो । (८:४०)

“प्रत्येक व्यक्तिहरू जो परमेश्वरको हुनुहुन्छ, सबैले परमेश्वरले भनेको कुरा सुन्छन् । तिमीहरूले उहाँको सत्यता नसुन्नुको कारण यो हो कि तिमीहरू परमेश्वरको होईनौ ।”(८:४७)

तिनीहरूले येशूमाथि चिच्याए, “तिमीलाई भूतले नियन्त्रण गरेको छ ।”(८:४८)

“म भूतद्वारा नियन्त्रित छैन ।” येशूले भन्नुभयो । (८:४९) “मैले तिमीलाई भनेको कुरा सत्य हो । जसले मेरो वचन पालन गर्छ, त्यसले कहिल्यै मृत्यु देख्नु पर्नेछैन् ।” (८:५१) । येशूको मतलब जो कोहीले पनि आफू परमेश्वरको पुत्र हो भनी विश्वास गर्छ उसले अनन्त जीवन पाउनेछ ।

तब यहूदी अगुवाहरूले कराए….“के तिमी हाम्रा पिता अब्राहाम भन्दा महान् छौ ?.. तिमी आफूले आफुलाई के सम्झिन्छौ ।”(८:५३)

येशूले जवाफ दिनुभयो, “तिमीहरूले मेरो पितालाई तिमिहरूका परमेश्वर हुनुहुन्छ भनी दाबी गर्छौ । उहाँ नै हुनुहुन्छ जसले मलाई महिमा दिनुहुन्छ । तिमीले उहाँलाई चिन्दैनौ तर म उहाँलाई चिन्छु । यदि मैले भनि कि मैले (उहाँलाई) चिनेको छैन भने, म तिमी जस्तै झूटो हुनेछु । तर म उहाँलाई चिन्छु….र म उहाँको वचन पालन गर्छु ।”(८:५४–५५) येशूले उहाँलाई परमेश्वरको पुत्रको रुपमा आदर गरेको चाहनुहुन्थ्यो ।

“तिमीहरूका पिता अब्राहाम मेरो दिन देख्नलाई प्रफुल्लित भएका थिए, र तिनले देखे अनि रमाए ।” (८:५६)

येशूले अब्राहामलाई चिनेको दाबी गर्नुभएकोले भीड छक्क परे । (८:५७)

त्यसपछि येशूले भन्नुभयो,“अब्राहाम जन्मनुभन्दा पहिले म हुँ ।”(८:५८) उहाँले यी प्रख्यात शब्दहरू म हुँ प्रयोग गर्ने बित्तिकै उनीहरूले उहाँलाई मार्न ढुङ्गा उठाए । (८:५९) यसो भन्दै, तिनीहरूले भने यसले त, ऊ आफै म हुँ जो म हुँ भन्ने परमेश्वरको बराबर भएको दाबी गर्दैछ । (प्रस्थान३:१४)

त्यसपछि येशू लुकेर मन्दिरबाट बाहिर निस्कनुभयो । (यूहन्ना ८:५९)

**यसको बारेमा कुरा गर्नुहोस्ः**

१. पापमा समातिएकी स्त्रीलाई येशूले के भन्नुभयो ? (८:११) यसले आजका पापीहरूलाई के आशा दिन्छ ?

२. येशूले धर्मगुरुहरूलाई के भन्नुभयो ? (८:७,१२,१९) आज मण्डलीहरूका लागि यो कस्तो चेतावनी हो ? यसले आशाको के सन्देश दिन्छ ?

३. येशूले आफ्ना अनुयायीहरूलाई के निर्देशन र प्रतिज्ञा दिनुभयो ? (८:३१-३२) येशूले "सत्यले तिमीहरूलाई स्वतन्त्र पार्नेछ ?"

४. धेरै मानिसहरू किन जीवनमा गलत बाटोमा जान्छन् ? ( ८:४७)

५. येशूको आज्ञा पालन गर्दा के नतिजा हुन्छ (८:५१) ?

६. येशूले "म हुँ" भन्नुको अर्थ के हो (५:५८)?

**यसको बारे सोच्नुहोस्ः** येशूलाई आफ्नो पिताको जीवनको उद्देश्य आफैलाई थाहा थियो (८:१४-१८)। के तपाईंलाई तपाईंको जीवनको लागि परमेश्वरको उद्देश्य थाहा छ ? तपाईंको जीवन र तपाईंको मण्डलीको सत्यता उद्देश्य र आशामा के के कुराले बाधा पुर्‍याउँछन् ? येशू को हुनुहुन्छ ?" भन्ने प्रश्नको जवाफ तपाईंको जवाफ के हो ? (८:५३)

**यसको बारेमा प्रार्थना गर्नुहोस्ः** यदि तपाईंले पहिले नै येशूलाई ग्रहण गर्नु भएको छैन् भने, परमेश्वरसँग आफ्ना पापहरूको क्षमा माग्नुहोस् र फेरि पाप नगर्नको लागि परमेश्वरसँग प्रार्थना गर्नुहोस्। तपाईंले पापीहरूको न्याय गर्न नभई उनीहरूलाई येशूले जस्तै हेर्नको लागि उहाँको जस्तै आँखा दिनुहोस् भनेर येशूसँग माग्नु होस्। पवित्र आत्मासँग तपाईंको जीवनमा येशूको ज्योति दिनुहोस् भनेर माग्नु होस् ताकि मानिसहरूले तपाईंको जीवनमा ख्रीष्टलाई देख्न सकून्।

**येशूको प्रसिद्ध "म हुँ" भन्ने वचनहरू**

| | |
|---|---|
| ४:२६ | "म ख्रीष्ट हुँ।" |
| ६:३५,४८ | "म जीवनको रोटी हुँ।" |
| ६:४१,५१त्र८:२३ | "म स्वर्गबाट ओर्ली आएको जीवित रोटी हुँ।" |
| ७:२९ | "म परमेश्वरबाट हुँ।" |
| ८:१२त्र ९:५ | "म संसारको ज्योति हुँ।" |
| ८:५८ | "अब्राहाम हुनु भन्दा अघिबाटै म छँदैछु।" |
| १०:७,९ | "म भेडाहरूको लागि ढोका हुँ।" |
| १०:११,१४ | "म असल गोठालो हुँ।" |
| १०:३६ | "म परमेश्वरको पुत्र हुँ।" |
| १०:३८ | "म पितामा छु।" |
| ११:२५ | "पुनरुथान र जीवन म नै हुँ।" |

## बाइबल पढाईः यूहन्ना अध्याय ९

# येशूले शबाथ दिनमा एकजना अन्धा मानिसलाई निको पार्नुहुन्छ ।

येशू र उहाँका चेलाहरू बाटोमा हिंड्दै थिए। उनीहरूले एक जना मानिसलाई देखे जो जन्मदेखि अन्धो थियो। (९:१) यो यहूदी शबाथ अर्थात बिश्रामको दिन थियो।

उहाँका चेलाहरूले सोधे, “रब्बी (गुरु), कसले पाप गऱ्यो? के यो मानिसले वा यसका आमाबुबाले पाप गरेको कारणले अन्धो छ ?”(९:२)

येशूले भन्नुभयो कि उसको अन्धोपन पापको कारण होइन। यो “परमेश्वरको काम उहाँको जीवनमा देखाउनको लागि” भयो। (९:३)

“दिन छँदै, हामीले मलाई पठाउनु हुनेको काम गर्नुपर्छ।”(९:४) येशूले भन्नुभएको याद गर्नुहोस्, कि, “हामीले कामहरू गर्नुपर्छ, “मैले कामहरू गर्नुपर्छ” होइन।

त्यसपछि येशूले अबका दिनहरू अन्धकारमय हुनेछ भनेर चेतावनी दिनुभयो। त्यसपछि उहाँको राज्यमा काम गर्न धेरै ढिलो हुनेछ। हामीले पनि परमेश्वरको काम दिन हुँदा नै गर्नुपर्छ।

“जब म (यहाँ) संसारमा छु, म संसारको ज्योति हुँ।”(९:५)

येशूले पृथ्वीमा आफ्नो उद्देश्य बुझ्नुभयो। उहाँले झूटा शिक्षा र परम्पराहरूलाई परमेश्वरको काममा बाधा पुऱ्याउन अस्वीकार गर्नुभयो। उहाँले मानिसको अन्धोपन पापको कारणले थियो भनेर विश्वास गर्नुभएन्। उहाँ यस अन्धा मानिसलाई तुरुन्तै, शबाथको दिनमा पनि निको पार्न चाहनुहुन्थ्यो।

त्यसैले येशूले भुइँमा थुक्नुभयो र त्यसमा केही हिलो बनाउनुभयो, उहाँले त्यो माटो अन्धा मानिसको आँखामा लगाउनुभयो। (९:६)

त्यो मानिस आफ्नो आँखा धुन विश्वासका साथ सिलोआममा गयो। जब उसले आफ्नो आँखा धोयो, तब उ देख्न सक्ने भयो। (९:७) उसलाई निको पार्ने माटो थिएन, उसको विश्वास र आज्ञाकारिताले उसलाई निको पारेको थियो।

# त्यो मानिसले येशू एक अगमवक्ता हुनुहुन्छ भनेर भन्दछ

त्यो मानिस घर गयो। सुरुमा उसको केही छिमेकीहरूले यो त्यही मानिस हो भनेर विश्वास गरेनन्। (९:८–९) यद्यपि, तिनीहरूले उसलाई सोधे, “तिम्रो आँखाहरू कसरी देख्न सक्ने भए ?” (९:१०)। उसले तिनीहरूलाई भन्यो कि येशू भन्ने मानिसबाट यो आश्चर्यको काम भयो। (९:११)

केही धर्मगुरुहरूले त्यो मानिसलाई कसरी देख्न सकिन्छ भनेर सोधे। त्यो मानिसले भन्यो, “उहाँले मेरो आँखामा माटो लगाई दिनुभयो।” .... “र अब म देख्न सक्छु” (९:१५)।

तिनीहरूले भन्यो कि येशू परमेश्वरबाट हुन सक्नुहुन्न किनभने उनले नियमहरू तोड्यो। उहाँले शबाथको दिनमा अन्धो मानिसलाई निको पार्नुभएको थियो। (९:१६)

अरुले सोधे, एक पापीले कसरी यस्तो अचम्मको चिन्हहरू गर्न सक्छ? त्यसैले तिनीहरू येशू को हुनुहुन्थ्यो भन्ने कुरामा सहमत भएनन्। तिनीहरू येशूको बारेमा अझ थप जान्न चाहन्थे। तिनीहरूले मानिसलाई सोधे, “तिमी.....उहाँको बारेमा के भन्छौ?” मानिसले जवाफ दियो, “उहाँ एक अगमवक्ता हुनुहन्छ।”( ९:१७)

ऊ जन्मैको अन्धा भएको भएतापनि तिनीहरूले अझै पनि ऊ परमेश्वरले सजाय दिनुभएका एक पापी थियो भनेर विश्वास गर्थे। अनि तिनीहरूले येशूले गर्नुभएको परिवर्तनलाई विश्वास गर्न अस्वीकार गरे। त्यसपछि उनीहरूले उसको आमाबुबालाई सोधे, “के यो नै होईन ? तिमीहरूले नै जन्मदा अन्धो थियो भनेर भनेको ? अब उसले कसरी देख्न सक्छ?।” (९:१९)

तिनीहरूले भने, “हामीलाई थाहा छैन उसले अब कसरी देख्न सक्छ ? ..हामीलाई थाहा छैन उसको आँखा कसले खोल्यो भनेर। उसलाई नै सोध्नुहोस्। ऊ ठुलो भई सकेको छ। ऊ आफ्नो लागि बोल्न सक्छ।” (९:२१) उसका आमाबुबा डराएको कारणले यसो भनेका थिए। किनभने येशू नै खीष्ट हुनुहुन्छ भनी विश्वास गर्ने जो कोहीलाई पनि तिनीहरूको स्थानीय सभाघरबाट निकालिने थियो। (९:२२) जुन एउटा गम्भीर सजाय थियो।

# त्यो मानिसले भन्छ "प्रभु, म विश्वास गर्छु"

धर्मगुरुहरूले जन्मैको अन्धो मानिसलाई भने, "सत्य बोलेर परमेश्वरलाई महिमा देओ, हामीलाई थाहा छ कि तिमीलाई निको पार्ने मानिस पापी हो।"

उसले जवाफ दियो,"उहाँ पापी हो कि होइन मलाई थाहा छैन। मलाई एउटा कुरा थाहा छ, म अन्धो थिएँ तर अब देख्न सक्छु।"(९:२५)। त्यसपछि गुरुहरूले जन्मैको अन्धा त्यो मानिससँग बहस गरे।

अन्तमा, मानिसहरूले भने, "हामीलाई थाहा छ कि परमेश्वर पापीहरूको कुरा सुनुहुन्न। उहाँले धर्मी मानिसहरूको कुरा सुन्नुहुन्छ जसले उहाँको इच्छा अनुसार गर्छ.....यदि यी मानिस परमेश्वरबाट नआउनुभएको भए उहाँले केही गर्न सक्ने थिएन।" (९:३१,३३)

"तिमीले हामीसँग यसरी कुरा गर्ने हिम्मत कसरी गर्यौ ?" तब तिनीहरूले उसलाई सभाघरबाट बाहिर निकाले (९:३४)। तिनीहरूले ख्रीष्टमा गरेको उसको विश्वासलाई रोक्न खोजिरहेका थिए।

फरिसीहरूले त्यस मानिसलाई बाहिर निकाली दिएको कुरा येशूले सुन्नुभयो। उहाँले त्यस मानिसलाई भेट्टाएर सोधे, "के तिमी मानिसको पुत्र (परमेश्वरको पुत्र) मा विश्वास गर्छौ?" (९:३५)

"उहाँ को हुनुहुन्छ, प्रभु?" मानिसले सोध्यो। "मलाई भन्नुहोस्, ताकि म उहाँमा विश्वास गर्न सँकू।"(९:३६)

येशूले भन्नुभयो, "तिमीले उसलाई देखेका छौ, अनि तिमीसँग बोल्ने उही नै हो।"(९:३७)

तब त्यो मानिसले भन्यो, "प्रभु,म विश्वास गर्छु।" अनि उसले येशूको आराधना गर्यो। (९:३८)

येशूले हामी सबैलाई उहाँमा विश्वास गर्न बोलाउनु हुन्छ। उहाँ प्रतिज्ञा गरिएको मसीह हुनुहुन्छ। उहाँ परमेश्वरको पुत्र र मानिसको पुत्र हुनुहुन्छ। येशू ख्रीष्टको ज्योतिलाई अस्वीकार गर्ने मानिसहरू परमेश्वरको सत्यतामा अन्धा हुन्छन्। येशूले भन्नुभयो, "म यस संसारमा आएको हुँ, ताकि अन्धाहरूले देखून् र देख्नेहरू चाहिँ अन्धा हुनेछन्।" (९:३९)

केही धर्मगुरुहरूले सोधे, "के हामी पनि अन्धा छौं?"

येशूले जवाफ दिनुभयो, "यदि तिमी अन्धा थियौ भने, तिमी पापको दोषी हुने थिएनौ। तर तिमीले दावी गरे अनुसार तिमीले देख्छौं, तिमी दोषी रहन्छौ तिनीहरूको अविश्वासको पापले तिनीहरूलाई दोषी बनायो। तिनीहरू येशूमा भएको परमेश्वरको सत्यतामा अन्धा थिए।

**यसको बारेमा कुरा गर्नुहोस्:**

१. येशूले किन "मलाई पठाउनुहुनेको काम हामीले दिन छँदै गर्नुपर्छ" भनेर भन्नुयो ? (९:४)

२. आज संसारमा येशूले कसरी काम गर्दै हुनुहुन्छ ? (९:५)

३. के कुराले केही धर्मगुरुहरू रिसाए ? (९:१६)

४. मानिसका आमाबुबाले येशूको बारेमा के विश्वास गरेका थिए? (९:२१) केही यहूदी गुरुरहरूले येशूको बारेमा के विश्वास गरेका थिए ? (९:२४) अन्धा मानिसले येशूको बारेमा के विश्वास गरेका थिए ? (९:१७,२५,३३,३८)

५.यस कथामा यूहन्नाले येशूको बारेमा लेखिएका वचनहरूलाई व्याख्या गर्नुहोस्। (९:३९,४१)

**यसको बारे सोच्नुहोस्:** येशूमा विश्वासका यी शब्दहरू भन्न हामीले मानिसहरूलाई मद्दत गर्न सक्ने तरिकाहरू सोच्नुहोस्। "म अन्धो थिएँ, तर अब देख्न सक्छु"(९:२५)। "मलाई भन्नुहोस् ताकि म उहाँमा विश्वास गर्न सकूँ।"(९:३६) "प्रभु, म विश्वास गर्छु।" (९:३८)

**यसको बारेमा प्रार्थना गर्नुहोस्:** आत्मिक रुपमा अन्धो मानिसहरूलाई येशूलाई देख्न मद्दत गर्नको लागि तपाईंलाई प्रयोग गर्नको लागि परमेश्वरसँग प्रार्थना गर्नुहोस्। अरुलाई उहाँलाई आफ्नो व्यक्तिगत मुक्तिदाताको रुपमा चिन्न मद्दत गर्न तपाईंलाई उहाँको आनन्द दिन येशूसँग प्रार्थना गर्नुहोस्। पवित्र आत्मालाई तिनीहरूको विश्वासमा परीक्षित भएका मानिसहरूलाई मद्दत गर्न प्रार्थना गर्नुहोस् किनभने अरुहरूले विश्वास गर्न अस्वीकार गर्छन्। (९:३४)

## बाइबल पढाई: यूहन्ना अध्याय १०

# असल गोठालोले आफ्नो भेडालाई प्रेम गर्छ

येशूले भेडा र आफ्नो भेडाको हेरचाह गर्ने गोठालाहरूको बारेमा एउटा कथा भन्नु भयो राती गोठालोले आफ्ना भेडाहरूलाई सुरक्षित ठाउँमा राख्छ। ऊ ढोकामा सुत्छ। येशूले भन्नुभयो कि जो ढोकाबाट भित्र पस्दैन, तर पर्खाल माथिबाट चढेर पस्छ, त्यो चोर हो। (१०:१)

इस्राएलमा, गोठालो आफ्नो भेडाको अगाडि हिंड्छन्। भेडाहरूले आफ्नो गोठालोलाई पछ्याउँछन् किनभने तिनीहरूले उसको आवाजलाई चिन्छन्। गोठालोले हरेक भेडालाई नामले चिन्छन्। येशूले भन्नुभयो कि तिनीहरू अपरिचित व्यक्तिहरूलाई कहिल्यै पनि पछ्याउँदैनन्। (१०:५)

धर्मगुरुहरूले उहाँले तिनीहरूलाई यो कथा किन भन्नुभएको थियो भनेर बुझेनन् (१०:६)। त्यसैले येशूले भन्नुभयो, "म भेडाहरूको लागि ढोका हुँ।"(१०:७) "जो कोही मबाट भित्र पस्छ, त्यो बचाइनेछ। ऊ भित्र बाहिर आउने जाने गर्नेछ, र उसले प्रशस्त खानेकुरा पाउनेछ।"(१०:९)

खराब गोठालाहरूले आफ्ना भेडाहरूको वास्ता गर्दैन् भनी येशूले चेतावनी पनि दिनुभयो। तिनीहरू चोरहरू जस्तै हुन्छन्। "चोर मार्न र नाश गर्न मात्र आउँछ। तिनीहरूले जीवन पाउन सकून् भनेर म आएको हुँ। म चाहन्छु कि तिनीहरूले यसलाई प्रशस्त मात्रामा पाउन्।"(१०:१०)

हामी अब येशूका वचनहरू बुझ्दछौं। हामी भेडाहरू हौं र उहाँ गोठालो हुनुहुन्छ।

उहाँले भन्नुभयो, "म असल गोठालो हुँ। असल गोठालाले आफ्ना भेडाहरूका निम्ति आफ्नो प्राण अर्पण गर्छ।" (१०:११)

येशूले यी प्रख्यात वचन दोहोऱ्याउनुभयो, "म असल गोठालो हुँ। म आफ्ना भेडाहरूलाई चिन्छु र मेरा भेडाहरूले मलाई चिन्छन्...र म भेडाहरूका लागि आफ्नो प्राण दिन्छु।" (१०:१४-१५)

उहाँलाई पछ्याउने सबैको लागि उहाँ मर्न तयार हुनुहुन्छ भनी देखाउनको लागि येशूले यो कथा भन्नुभयो। उहाँका वचनहरूले पुरानो नियमका लेखहरूमा दिइएका भविष्यवाणीहरू पूरा गर्छन्। (यशैया ५३:६-८)

त्यसपछि येशूले भन्नुभयो, "मसँग अरु भेडाहरू छन...मैले तिनीहरूलाई पनि भित्र ल्याउनु पर्छ। तिनीहरूले पनि मेरो आवाज सुन्नेछन। तब त्यहाँ एउटा बगाल र एउटा गोठालो हुनेछ" (१०:१६)। येशूको अर्थ उहाँ यहूदीहरूका लागि मसीह र मुक्तिदाताको रुपमा आउनुभयो तर बाँकी संसारका लागि पनि मुक्तिदाता हुनुहुन्छ। (प्रेरित:२६:१७-१८)

"मेरो पिताले मलाई प्रेम गर्नुको कारण यो हो कि मैले आफ्नो जीवन त्यागें।" (यूहन्ना १०:१७) येशूका चेलाहरूले असल गोठालो र उहाँका भेडाहरूप्रति परमेश्वरको प्रेमलाई बुझ्नुपर्छ। संसारलाई पापबाट बचाउनको लागि परमेश्वरको आफ्नै पुत्र मर्नुभयो। येशूले आफ्नो भेडाको लागि आफ्नो जीवन त्याग गर्न रोज्नुभयो। उहाँको जीवन कसैले लिएन। उहाँले भन्नुभन्यो,"म आफैलाई त्याग्छु।" (१०:१८)

हामी जान्दछौं कि अधर्मी मानिसहरूले येशूलाई मारेका थिए। तर हामी यो पनि विश्वास गर्छौं कि येशूले परमेश्वरको दु:खको बाटो पछ्याउन रोज्नुभयो। उहाँलाई पछ्याउनेहरूलाई बचाउन उहाँले आफ्नो जीवन त्याग गर्नुभयो। तब परमेश्वरले उहाँलाई मृत्युबाट ब्यूताउनु भयो। यो उहाँको पिताको योजना थियो, मानिसको योजना होइन। (गलाती १:४, प्रेरित२:२३)

उहाँलाई प्रेम गर्नेहरूका सबैका लागि येशू सँधैका लागि असल गोठालो हुनुहुनेछ। उहाँले हाम्रा भेडाहरूका लागि आफ्नो जीवन त्याग गर्न रोज्नुभयो।

## गुरुहरू भन्छन् "यदि तपाईं ख्रीष्ट हुनुहुन्छ भने, हामीलाई भन्नुहोस्।"

येशूले यी कुराहरू भन्नुहुँदा धर्मगुरुहरू अझै पनि एकअर्कासँग सहमत भएनन्। (यूहन्ना १०:१९–२१) पछि, तिनीहरूले उहाँलाई सोधे, "तपाईं हामीलाई कहिलेसम्म पर्खाउनु हुन्छ ? यदि तपाईं ख्रीष्ट (मसीह) हुनुहुन्छ भने, हामीलाई स्पष्टसँग भन्नुहोस्।"(१०:२४)

येशूले जवाफ दिनुभयो, "मैले तिमीहरूलाई भनेको थिएँ, तर तिमीले मेरो पिताको नाममा गरेका अचम्मका कामहरू विश्वास गरेनौँ, किनकि तिमीहरू मेरा भेडाहरू होइनौ। मेरा भेडाहरूले मेरो आवाज सुन्छन्। म तिनीहरूलाई चिन्छु, र तिनीहरूले मलाई पछ्याँउछन्।" (१०:२५–२७)

उहाँलाई पछ्याउनेहरूलाई, येशूले अनन्त जीवनको प्रतिज्ञा गर्नुहुन्छ। उहाँले भन्नुभयो, "मेरा भेडाहरू.....कहिल्यै मर्नेछैनन्।" (१०:२८)

येशूले आफ्ना भेडाहरूलाई अर्को ठूलो प्रतिज्ञा दिनुभयो: "तिनीहरूलाई मेरो हातबाट कसैले चोर्न सक्दैन।" (१०:२८) "मेरो पिताले ती मलाई दिनुभएको छ। उहाँ सबैभन्दा महान् हुनुहुन्छ। तिनीहरूलाई मेरो पिताको हातबाट कसैले चोर्न सक्दैन। पिता र म एक हौं" (१०:२९–३०)।

फेरि पनि यहुदीहरूले उहाँलाई हान्न भनी ढुँगा उठाए। तिनीहरूले येशूले परमेश्वरको बिरुद्धमा दोष लगाएको कारणले उनीहरूले उहाँलाई ढुँगाले हानेको भनी भने। "किनकि तिमी मानिस मात्रै भएर पनि आफैलाई परमेश्वर तुल्याउँछौ। (१०:३३)"

तिनीहरूले सर्वशक्तिमान परमेश्वरमा विश्वास गरे तर तिनीहरूले उहाँको पुत्रलाई मुक्तिदाताको रुपमा अस्वीकार गरे। हिब्रुमा येशूको लागि परमेश्वरको नाम येशूआ हो। उहाँको नामको अर्थ मुक्तिदाता हो।

येशूले भन्नुभयो, "तिमीहरूले मलाई विश्वास नगरे तापनि, आश्चर्य कर्महरूमा विश्वास गर। तब तिमीहरूले थाहा पाउन सक्नेछौ र बुझ्नेछौ कि पिता ममा हुनुहुन्छ र म पितामा छु।" (१०:३८) यसरी येशूले आफू परमेश्वरको पुत्र भएको दाबी गर्नुभयो।

आक्रोशित गुरुहरूले उहाँलाई पक्रन खोजे, तर उहाँ फेरि तिनीहरूबाट भागे। (१०:३९) येशू यर्दन नदीमा फर्किनु भयो र यूहन्नाले उहाँलाई बप्तिस्मा दिएको ठाउँमा उहाँ जानुभयो। येशू त्यहाँ सतावटबाट मुक्त भएर केही समय बस्नुभयो। धेरै मानिसहरू उहाँकहाँ आए। तिनीहरूले भने, "यूहन्नाले कहिल्यै चमत्कारिक चिन्हहरू गरेनन्, तर उनले यी मानिसको बारेमा भनेका सबै कुरा सत्य थिए।"(१०:४१)

धेरैले उहाँमाथि विश्वास गरे। तिनीहरूले आश्चर्यकर्महरूको कारणले विश्वास गरे र उहाँले भन्नुभएको कुरा सत्य थियो। (१०:४१–४२)

**यस बारे कुरा गर्नुहोस्:**

१. येशूले किन उहाँ भेडाहरूको लागि ढोका हुनुहुन्छ भनी भन्नुभयो ? (१०:७)
२. पूर्ण (प्रशस्तताको) जीवन जिउने रहस्य के हो ? (१०:९-१०)
३. येशूले किन उहाँ असल गोठालो हुनुहुन्छ भनी भन्नुभयो ? (१०:११)
४. येशूले तपाईंको र अरुको लागि के प्रतिज्ञा गर्नुभएको छ ? (१०:१६)
५. येशूले उहाँ को हुनुहुन्छ भन्नुभयो ? (१०:३०)
६. यस अध्यायमा हामीले येशूको बारेमा के महत्त्वपूर्ण कुराहरू सिक्न सक्छौं ? (१०:१०, १६, २८, ३०, ३८)
७. कुन प्रमाणले येशू मसीह र परमेश्वरको पुत्र हुनुहुन्छ भनेर प्रमाणित गऱ्यो ? (१०:४१)

**यस बारेमा सोच्नुहोस्:** किन येशूले भजनसंग्रह ८२ बाट वचनहरू उद्धृत गर्नुभयो? के यी वचनहरू आजका केही अगुवाहरूको बारेमा सत्य छन्?

**यस बारेमा प्रार्थना गर्नुहोस्:** परमेश्वरलाई धन्यवाद दिनुहोस् कि असल गोठालोले अहिले र सधैं तपाईंको हेरचाह गरिरहेको छ। उहाँका अरु भेडाहरूका लागि उहाँको पितासँग प्रार्थना गर्न येशूसँग सहभागी हुनुहोस्। येशूका चेलाहरूलाई खराब अगुवाहरूबाट बचाउनु भएको होस् भनेर परमेश्वरसँग प्रार्थना गर्नुहोस्। पवित्र आत्माले हाम्रा सबै अगुवाहरूलाई साँचो समझ, प्रेम र राम्रो सल्लाहले भरिदिऊन् भनेर प्रार्थना गर्नुहोस्।

**येशूले भजनसंग्रह ८२ को बारेमा के भन्नुभयो ? (यूहन्ना १०:३४-३६)**

येशूले भजनसंग्रह ८२ बाट उद्धृत गर्नुभयो। परमेश्वर जस्तै व्यवहार गर्ने धर्मगुरुहरू विरुद्ध चेतवानी दिनुभयो। तिनीहरूले मानिसहरूलाई नराम्रो शासन गरे र तिनीहरूको वास्ता गरेनन्। "अरुलाई न्याय नदिनेहरूको पक्षमा कहिलेसम्म उभिरहने ? पापी मानिसहरूलाई कहिलेसम्म अनुग्रह गरी रहने ? कमजोर भएकाहरूका लागि र जसका पिताहरू मरेका छन् तिनीहरूका लागि खडा हुनुहोस्। गरिब र कुटपिटमा परेकाहरूलाई निष्पक्ष व्यवहार गर्नुहोस्। कमजोर र खाँचोमा परेकाहरूलाई बचाउनुहोस्, तिनीहरूलाई पापी मानिसहरूको शक्तिबाट बचाउनुहोस्।" (भजनसंग्रह ८२:२-४)

येशूको समयमा भजनसंग्रह ८२ ले तिनीहरूका धर्मगुरुहरूको न्याय गर्दछन् भनेर यहूदीहरूलाई थाहा थियो। यो येशू ख्रीष्टको समय भन्दा १००० वर्ष पहिले भविष्यवक्ता आसापले लेखेका थिए। आसापले भने, "तिमीहरू शासकहरू र न्यायकर्ताहरूलाई केही थाहा छैन। तिमीहरूले केही बुझ्दैनौ, तिमीहरू के सही छ भन्ने बारे अन्धकारमा छौ, नराम्रो शासन गर्ने मानिसहरूले सारा संसारमा न्याय नष्ट गरेको छ।" (८२:५)।

पुरानो नियमका यी लेखहरू त्यतिबेला पनि सत्य थिए भनी येशूले विश्वास गर्नुभयो। हामी विश्वास गर्छौं कि ती आज पनि सत्य छन्।

तपाईंका धर्मगुरुहरूका लागि प्रार्थना गर्नुहोस्, उहाँहरूले आफ्ना मण्डलीहरूको आवश्यकताहरू पूरा गर्नको लागि परमेश्वरबाट बुझ्न खोज्नु भएको होस्। साथै, उहाँहरू कमजोरहरूका लागि ख्रीष्टको प्रेमले भरिनु भएको होस्। साथै, उहाँहरूले आजको लागि आफ्नो आवश्यकताहरू प्रेम र बुद्धिमानी सल्लाहद्वारा पूरा गर्न सकून्।

## बाइबल पढाईः यूहन्ना अध्याय ११

# येशूले लाजरसलाई जीवनमा ल्याउने योजना बनाउनु हुन्छ ।:

जब येशू यरुशलेम जानुभयो, उहाँ प्रायः जसो आफ्ना साथीहरू मरियम, मार्था र लाजरससँग बस्नु हुन्थ्यो। तिनीहरू एक भाइ र दुई दिदिहरू थिए जो शहरबाट ३ कि.मी. टाढा बेथानियामा बस्थे। जब लाजरस बिरामी भएका थिए, येशू यर्दन नदीमा हुनुहुन्थ्यो। उहाँका दुई दिदिहरूले येशूलाई सन्देश पठाए (११:३)। तिनीहरू येशूको लागि आफ्नो प्रेममा एकताबद्ध थिए र उनीहरूलाई थाहा थियो कि उहाँले आफ्नो भाइलाई प्रेम गर्नुहुन्छ।

येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "यस बिरामीले मृत्युसम्म पुऱ्याउने छैन्। तर, यो परमेश्वरको महिमाको निम्ति हो। परमेश्वरको पुत्रलाई यसको कारणले महिमा प्राप्त गर्नेछ।" (११:४) येशूले मार्था र उनकी बहिनी र लाजरसलाई प्रेम गर्नुहुन्थ्यो। तापनि, जब उहाँले लाजरस बिरामी भएको सुन्नुभयो, उहाँ जहाँ हुनुहुन्थ्यो त्यहीँ बस्नुभयो। (११:५-६)

त्यसपछि दुई दिनपछि येशले भन्नुभयो, "हामी यहूदिया फर्कौं।"(११:७) यहूदिया यरुशलेम वरपरको क्षेत्र हो। चेलाहरू छक्क परे र डराए। येशू किन यरुशलेम फर्कन चाहनुहुन्थ्यो जहाँ यहूदी अगुवाहरूले उहाँलाई मार्न खोजेका थिए भनी तिनीहरू छक्क परे। (११:८)

येशूले जवाफ दिनु भयो, "के दिनमा बाह्र घण्टा उज्यालो हुँदैनन् र? एक व्यक्ति जो दिनमा हिँड्छ र लड्दैन।" (११:९)

उहाँले यसो भन्नुभएपछि, येशू तिनीहरूसँग कुरा गरिरहनुभयो। "हाम्रा मित्र लाजरस निद्रामा परेका छन्...म उसलाई ब्युँझाउन त्यहाँ जाँदैछु।"(११:११) येशूको मतलब लाजरस अब मरेको थियो र उहाँ मृत्युबाट बौरी उठाउन त्यहाँ जानुहुन्छ। "तिम्रो लागि, म त्यहाँ नभएकोमा खुसी छु। अब तपाईंले विश्वास गर्नुहुनेछ।"उहाँले भन्नुभयो (११:१५)

थोमाले अरुहरूलाई भने, "हामी पनि जाऔं त्यसपछि हामी येशूसँगै मर्न सक्छौं।" (११:१६) थोमाले त्यतिबेला धेरै साहस र विश्वास देखाए। पछि मृत्युबाट येशूको पुनरुथानमा विश्वास गर्न अस्वीकार गर्ने उनी नै थिए। (२०:२५) पछि उनी शंका गर्ने थोमा भनेर चिनिन थाले्। यद्यपि,आफ्नो बाँकी जीवनको लागि। उनी भारतमा येशूको लागि एक महान् साक्षी बने।

# मार्था र मरियमले येशूलाई भेट्छन्:

लाजरसको मृत्यु भएको चार निपछि येशू यरुशलेम आइपुग्नु भयो (११:१७)। धेरै यहूदी साथीहरू मार्था र मरियमलाई सान्त्वना दिन आएका थिए। (११:१९) मार्था येशूलाई भेट्न बाहिर गइन्। मरियम घरमै बसिन्। (११:२०)

मार्थाले येशूलाई भनिन्, "प्रभु,तपाईं यहाँ भएको भए मेरो भाइ मर्ने थिएन। तर मलाई थाहा छ कि अहिले पनि तपाईंले मागेको सबै कुरा परमेश्वरले दिनुहुनेछ।" (११:२१-२२)

येशूले तिनलाई भन्नुभयो, "तिम्रो भाइ फेरि जीवित हुनेछ।" (११:२३)

येशूमा मार्थाको बलियो विश्वास थियो। उसलाई मृत्युबाट पुनरुत्थान हुनेछ भनेर पनि थाहा थियो। यो येशूले सिकाउनुभएको थियो र पुरानो नियमका लेखहरूमा प्रतिज्ञा गरिएका थिए। (यूहन्ना ५:२९, ६:४४, दानिएल १२:२)

त्यसकारण, मार्थाले भनिन्, “म जान्दछु कि ऊ फेरि जीवित भई उठ्नेछ। अन्तिम दिनमा मानिसहरू मृत्युबाट बौरी उठ्दा यो हुनेछ।” (यूहन्ना ११:२४)

तव, येशुले मार्थालाई भन्नुभयो, “के तिमी यो  विश्वास गर्छौं ?”

”येशूले तिनलाई भन्नुभयो, “पुनरुत्थान र जीवन म नै हुँ। मलाई विश्वास गर्ने मऱ्यो भने पनि जीवित हुनेछ। अनि ममा जिउने र ममाथि विश्वास गर्नेहरू कहिल्यै मर्नेछैन।” (११:२५-२६) यी येशूका प्रसिद्ध वचनहरू हुन् जुन प्रायःअन्त्येष्टि सेवाहरूमा पढिन्छन्।

त्यसपछि येशूले मार्थालाई भन्नुभयो, “के तिमी यो विश्वास गर्छयौ? ”मार्थाले सबै कुरा बुझिननन्, तर उनीसँग बोल्ने को हो थाहा थियो। “हो, प्रभु” तिनले उहाँलाई भनिन्, “म विश्वास गर्छु कि तपाईं ख्रीष्ट हुनुहुन्छ, परमेश्वरको पुत्र।” (११:२७) मार्थाले विश्वास गरिन् कि येशू संसारमा आउन प्रतिज्ञा गरिएको मसीह र मुक्तिदाता हुनुहुन्छ। मार्था र हामी सबैको लागि, यो सत्य हाम्रो मुक्ति र अनन्त जीवनको सुरुवात हो।

मार्था आफ्नी बहिनी मरियमसँग कुरा गर्न हतार हतार घर गइन्। त्यसपछि मरियम येशूलाई भेट्न हतार हतार गइन्। अरुहरूले तिनलाई पछयाए।

मरियम येशूको पाउमा घोप्टो परिन्। तिनले भनिन्, “प्रभु,तपाईं यहाँ हुनुभएको भए मेरो भाइ मर्ने थिएन।” (११:३२)

येशूले मरियम र तिनको साथीहरूलाई रोइरहेका देख्नुभयो । उहाँ आत्मामा ज्यादै दुःखी हुनुभयो र उहाँ व्याकुल हुनुभयो। “तिमीहरूले तिनलाई कहाँ राखेका छौ” उहाँले सोध्नुभयो। (११:३३-३४) त्यसपछि येशू रुनुभयो। येशूले लाजरस र उसको दिदिहरूलाई कति माया गर्नुहुन्छ भनेर यहूदीहरूले देखे। कसैले भने, “उनले अन्धाका आँखा खोलिदिए। के उसले आफ्नो मानिसलाई मर्नबाट रोक्न सकेन?” (११:३७)

# येशूले लाजरसलाई मृत्युबाट उठाउनुभयो

येशू फेरि एकपल्ट धेरै दुःखी हुनुभयो। उहाँ लाजरसको लास राखिएको ठाउँमा जानुभयो। चिहानको प्रवेशद्वारमा एउटा गह्रुँगो ढुङ्गा थियो। (११:३८)

“ढुङ्गा हटाओ”, उहाँले भन्नुभयो। (११:३९)

मार्थाले भनिन्... “तर प्रभु ! यति बेलासम्म त्यहाँ गन्हाउन लागिसक्यो। लाजरस चिहानमा भएको चार दिन भइसकेको छ।” (११:३९)

तब येशूले भन्नुभयो, “के मैले तिमीहरूलाई भनेको होइनँ, तिमीले विश्वास गऱ्यो भने परमेश्वरको महिमा देख्नेछौ?” (११:४०) त्यसैले तिनीहरूले ढुँङ्गा हटाए। (११:४१)

येशूले माथि हेर्नुभयो र उहाँको कुरा सुन्नु भएकोमा आफ्नो पितालाई धन्यवाद दिनुभयो। “मलाई थाहा छ कि तपाईं सधैं मलाई सुन्नुहुन्छ।” उहाँले त्यहाँ उभिरहेका मानिसहरूको खातिर यस्तो भन्नुभयो। उहाँ चाहनुहुन्थ्यो कि उहाँका पिता, हाम्रा सर्वशक्तिमान परमेश्वर र सृष्टिकर्ताले उहाँलाई पठाउनुभएको हो भनी सबैले विश्वास गरोस्। (११:४२)

तब येशूले ठूलो स्वरमा बोलाउनु भयो, “लाजरस ! बाहिर निस्की आऊ।” मरेको मानिस कपडाले ढाकिएको चिहानबाट बाहिर निस्कियो। हाम्रा पिता परमेश्वरले आज आफ्ना मानिसहरूको तर्फबाट बिन्ती गर्दा आफ्नो छोराको आवाज सुन्नुहुन्छ। (रोमी ८:३४न्न हिब्रू ७:२५)

येशूले तिनीहरूलाई भन्नुभयो, “उसलाई बेहेरिएको कात्रोको कपडा फुकलिदेओ, र उसलाई जान देओ।” (११:४४)

**येशूले मलावीमा बच्चालाई मृत्युबाट उठाउनुहुन्छः**

मन्ना प्रकाशन वितरक, पास्टर एनोक डिम्बा, दक्षिणी मलावीको दुर्गम गाउँमा बुश सेवामा अनुवादकको रुपमा सेवा गर्दै थिए। स्कटल्याण्ड निवासी, जिम फिगिस उनको मिशन समर्थक थिए।

उनले यसरी भन्छन्, एउटी आमाले आफ्नो सानो बच्चाको लागि हात राखेर प्रार्थना गर्न मकहाँ ल्याइन्। मैले बच्चालाई लिएँ, र उसको शरीर चिसो, लङ्गडा अनि मरिसकेको थियो। त्यो बच्चा मरी सक्यो भनेर हनोकलाई थाहा भयो। उसको सास रोकी सकेको थियो। मलाई लागेको थियो कि उसको आमाले आफ्नो बच्चाको मृत्युको लागि मलाई दोष दिनेछ तरैपनि येशूको नाममा प्रार्थना गरेँ। एकैछिनमा, हनोकले भने, "उसको पेट माथि र तल चलिरहेको छ।" हामीले परमेश्वरको प्रशंसा गर्‍यौँ, र मैले बच्चालाई सकुशल र ठूलो राहतको साथ आमालाई फिर्ता दिएँ।"

# येशूलाई मार्ने योजना

यस आश्चर्यकर्मको कारण, धेरै आगन्तुकहरूले येशूमाथि आफ्नो विश्वास गरे। (११:४५) तिनीहरूमध्ये कतिपयले के भएको थियो त्यो धर्मगुरुहरूलाई बताए। तिनीहरूले मन्दिर अदालतको बैठक बोलाए। "हामी के गर्न सक्छौं?" तिनीहरूले सोधे। "यदि हामीले यसलाई (यी अचम्मको कामहरू गर्न) दियौं भने सबैले यसमाथि विश्वास गर्नेछन्। त्यसपछि रोमीहरू (शासकहरू) आउनेछन्। तिनीहरूले हाम्रो मन्दिर र हाम्रो राष्ट्र खोस्नेछन्।" (११:४७–४८)

त्यसबेलाका यहूदी प्रधान पुजारी कैयाफाले भनेका थिए, "सारा राष्ट्र नष्ट हुनुभन्दा बरु जनताको लागि एकजना मानिस मर्नु राम्रो हो।" ( ११:५०) उनले भनेका शब्दहरू एक भविष्यवाणी थिए, उहाँ ख्रीष्टमा परमेश्वरको उद्देश्य पुरा गर्न प्रयोग गरिएको थियो।

कैयाफाले पनि येशू यहूदीहरू र जताततै रहेका परमेश्वरका सन्तानहरूका लागि मर्नुहुनेछ भनी भविष्यवाणी गरे। "उहाँ तिनीहरूलाई एकसाथ ल्याउन र तिनीहरूलाई एक बनाउन मर्नुहुने थियो।" (११:५१–५२) येशूका अनुयायीहरू परमेश्वरको अधीनमा एउटै राज्य हुनेछन्। (प्रेरित १०:३५त्र एफिसी १:१०, कलस्सी ३:११,१५)

त्यसपछि धर्मगुरुहरूले येशूलाई मार्ने योजना बनाए (११:५३)

येशू र उहाँका चेलाहरू यरुशलेमबाट लगभग २० किलोमिटर टाढा एफ्राइममा जानुभयो। उहाँहरू निस्तार चाडसम्म त्यहाँ बस्नुभयो। (११:५३–५४) धेरै यहूदीहरू चाडको लागि यरुशलेममा आए। तिनीहरूले येशूलाई खोजिरहेका थिए (११:५५–५६)

धर्मगुरुहरूले फेरि येशूलाई गिरफ्तार गर्ने आदेश दिए। तिनीहरूले मानिसहरूलाई येशू कहाँ हुनुहुन्छ भनी बताउन आदेश दिए। (११:५७)। यो व्यवस्थाले धेरै विश्वासीहरूलाई येशूलाई पछ्याउन डराएको थियो।

यद्यपि, येशूलाई मार्ने यही योजनाले परमेश्वरको आफ्नै प्रतिज्ञा र पाप र शैतानको शक्तिलाई जित्ने योजना पूरा गर्‍यो।

परमेश्वरको प्रेम र कृपाको लागि धन्यवाद दिनुहोस्। उहाँको पुत्रको दण्ड र बलिदान हाम्रो अनन्त मुक्तिको लागि थियो।

**यस बारे कुरा गर्नुहोस्ः**

१. येशू किन बेथानियाबाट केही दिन टाढा रहनुभयो ? (११:४,१५)

२. थोमाको बारेमा हामीलाई के थाहा छ ? (११:१६त्र २०:२५) के तपाईं उहाँ जस्तै हुनुहुन्छ ?

३. येशूले मार्थालाई भन्नुभएको अनन्त जीवनका वचनहरूको बारेमा व्याख्या गर्नुहोस्। (११:२५-२६)

४. येशू किन रुनुभयो ? (११:३३, ३५, ३८)

५. लाजरसको आश्‍चर्यकर्ममा मद्दत गर्न मानिसहरूले के गरे ? (११:४१,४४)

६. परमेश्‍वरको मुक्तिको योजना पूरा गर्न येशूका शत्रुहरूले कसरी मद्दत गरे ? (११:४६-५३)

७. किन धर्मगुरुहरू येशूमा विश्‍वास गर्न डराएका थिए ? (११:४८)

८. किन मानिसहरू अचानक येशूलाई पछयाउन डराए ? (११:५७)

**यस बारे सोच्नुहोस्ः** थोमा, मार्था, मरियम चेलाहरू र शोक गर्नेहरूले येशूमा आफ्नो विश्‍वास कसरी देखाए ? के तपाईं आज येशूको अचम्मको कामहरूमा मद्दत गर्न तयार हुनुहुन्छ ? आज येशूलाई पछयाउन तपाईंको प्रेम र विश्‍वास बलियो छ ?

**यस बारे प्रार्थना गर्नुहोस्ः** आज येशूको काममा कुन कुराले मद्दत गर्छ र केले बाधा पुर्‍याउँछ भनेर देखाउनको लागि परमेश्‍वरसँग प्रार्थना गर्नुहोस्। परमेश्‍वरले आफ्नो मुक्तिको योजनामा विश्‍वासीहरू र गैर ईशाइहरूलाई कसरी प्रयोग गर्नुहुन्छ भनेर स्पष्ट प्रकारले थाहा गर्नको लागि प्रार्थना गर्नुहोस् । प्रत्येक राष्ट्रमा येशूलाई मसीह र मुक्तिदाताको रुपमा आराधना गर्नुहोस्। तपाईं आफैले उहाँको आफ्नो मुक्तिको योजनामा परमेश्‍वरको प्रेम र दयालाई स्वीकार गर्न मद्दतको लागि प्रार्थना गर्नुहोस्। बिना डर येशूलाई पछयाउनको लागि मदत गर्न परमेश्‍वरसँग प्रार्थना गर्नुहोस्।

## निष्कर्ष

मत्ती, मर्कूस र लूकाले हामीलाई दिनुभएको येशू खीष्टको बारेमा हाम्रो बुझाइ पूरा गर्न प्रेरित यूहन्नाका लेखहरूले हामीलाई मद्दत गर्दछ। यूहन्नाले आफ्नो सुसमाचारको अन्त्यमा भन्छन्, “यी कुराहरू लेखिएका छन् कि तिमीहरूले येशू नै खीष्ट, परमेश्‍वरको पुत्र हुनुहुन्छ भनी विश्‍वास गर, यदि तिमीहरूले यो विश्‍वास गर्यौ भने, तिमीहरूले जीवन पाउनेछौ किनभने तिमीहरू उहाँकै हौ।” (२०:३१)

यूहन्ना अन्य सुसमाचारका लेखकहरू भन्दा लामो समयसम्म बाँच्नुभयो। उहाँले परमेश्‍वरको प्रेम र कृपाद्वारा हाम्रो मुक्तिको लागि परमेश्‍वरको एकमात्र पुत्रको बलिदानद्वारा भएको योजनालाई बारम्बार प्रमाणित गर्नु भयो।

हामी उहाँको मृत्यु र पुनःरुथान अघि येशूले दिनुभएको व्यक्तिगत शिक्षाहरूको लागि परमेश्‍वरको प्रशंसा गर्छौं। हामी परमेश्‍वरबाट सत्य सिक्न र अरुलाई सिकाउन मद्दत गर्ने उहाँको पवित्र आत्माको वरदानको लागि परमेश्‍वरको प्रशंसा गर्छौं।

प्रकाशितः
मेरो परिवार नेपाल
वितरण गरिएकोः

टाइपसेटः तिमोथि थापा

मुद्रितः जायन हाउस प्रा. लि.

**यूहन्नाको सुसमाचार भाग १**
**अध्याय १ देखि ११**

**परमेश्वरले मन्ना बाईबल शिक्षण टिप्पाणीलाई तल उल्लेखित भाषाहरूमा प्रकाशन गर्न सक्षम बनाउनु भएको छ :**

एङ्गगोला, आरमेनियन, बेनिन, बुल्गेरियन, बुर्किना, फासो, बुरुण्डी कम्वोडियान, क्यामरुन, चाड, कङ्गगो डोमेनिकन रिपव्लिक, (किनाशा र काटाङ्गगा) कङ्गगो रिपव्लिक (ब्राजाभाईल), इजिप्ट, इक्वेटोरियल ग्युनेय, इथियोपिया घाना, ग्वाटेमाला, हाईटी, भारत, आईभरी कोस्ट, केन्य, कोसोभो, लाईबेरिया, मालावी, माली, मेक्सिको, मँगोलिया, मोजम्वीक, म्यानमार, नाईजर, नाईजेरिया, पाकिस्तान, रुवाण्डा, साईबेरिया, सेरेलियोन, दक्षिण अफ्रिका, सुडान, स्वजील्याण्ड, तान्जानिया, टोगो, युगाण्डा, जाम्विया र जिम्बावे र २ वटा ब्रेल लिपि सहित ४२ वटा भाषहरूमा प्रकाशन गरिएको छ।

**अँग्रजी, फ्रान्स, पोर्जुगिज र स्पेनीश भाषामा बाईबल शिक्षाण टिप्पाणिहरू सम्बन्धि सजिलोसँग जानको लागि हाम्रो वेभसाईटमा** www.manna-publications.org.uk जानुहोस्।
अभिभावक सँस्था **मन्ना प्रकाशन (अमेरिका)**: www.mannapublications.org
**Avail,** UK registered charity 1017386 **सँग सम्बन्ध भएको,**

# यूहन्नाको सुसमाचार भाग १
# अध्याय १ देखि ११

| | |
|---|---|
| ▪ येशूले आफ्ना अनुयायीहरूका लागि गर्नुभएको प्रार्थनाहरू<br>▪ एकतामा परमेश्वर र अरूलाई प्रेम गर्ने आज्ञाहरू<br>▪ सबै विश्वासीहरूका लागि पवित्र आत्माको प्रतिज्ञा | ▪ येशूको परीक्षा, मृत्यु र पुनरुत्थान<br>▪ कसरी पत्रुसले येशूलाई इन्कार गरे तर क्षमा पाए<br>▪ येशूद्वारा सबै विश्वासीहरूलाई सेवाकाईको आह्वान |

**यो दोस्रो पुस्तकले** यूहन्नाको सुसमाचारमा येशूका शिक्षाहरू र आश्चर्यकर्महरूको बारेमा अझै धेरै बताउँछ। यूहन्नाले येशूले आफ्नो लागि र आफ्ना अनुयायीहरूका लागि गर्नुभएको प्रार्थनाहरू पनि अभिलेख गरेका छन्। यूहन्ना येशूको परीक्षा र क्रूसीकरणमा उहाँको नजिक थिए। उनले हामीलाई येशू स्वर्ग फर्कनुअघि मृत्युबाट बौरिनुभएको स्पष्ट प्रमाण दिन्छन्। यूहन्नाले विश्वास गरे कि येशू यहूदी मसीह हुनुहुन्थ्यो, जसलाई पापहरू क्षमा गर्ने अधिकार र शक्ति छ, ताकि उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भनी विश्वास गर्ने सबैले उहाँसँग सधैंभरि बस्न सकून्। येशूले हामी सबैलाई उहाँलाई प्रेम गर्न, उहाँलाई पछ्याउन र परमेश्वर र अरूको सेवा गर्दै नयाँ जीवन जिउन आह्वान गर्नुहुन्छ। यस टिप्पणीले येशूका महान "म हुँ" वचनहरू सूचीबद्ध गर्दछ जसले उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भनी पुष्टि गर्दछ।

**मन्ना प्रकाशनले** फ्रेड मोरिसद्वारा लेखिएका साना बाइबल शिक्षा टिप्पणीहरू प्रकाशित गर्दछ। धेरै वर्षसम्म फ्रेड र उनकी पत्नी लोर्ना संसारभर शिक्षा दिँदै र प्रचार गर्दै यात्रा गरे। उनका पुस्तकहरू पढ्न, बुझ्न र अन्य भाषाहरूमा अनुवाद गर्न सजिलो छन्। तिनीहरूले आफ्नै प्रयोग गर्न वा समूहमा अध्ययन गर्न आधारभूत शिक्षाहरू दिन्छन्, साथै बाइबल विद्यार्थी, शिक्षक र पास्टरहरूका लागि अतिरिक्त टिप्पणीहरू प्रदान गर्दछन्।

**यी पुस्तकहरूले** तपाईंलाई सर्वशक्तिमान परमेश्वरबाट आएको सत्यता बुझ्न मद्दत गर्नेछन्। उहाँलाई संसारभरका लाखौं यहूदी र खीष्टियनहरूद्वारा आराधना गरिन्छ। यी पुस्तकहरूले तपाईंलाई परमेश्वरको पुत्र, येशू खीष्टद्वारा मुक्ति र अनन्त जीवन प्राप्त गर्न पनि मद्दत गर्नेछन् जो इस्राएलका मसीह हुनुहुन्छ। यिनीहरूले तपाईंलाई परमेश्वरमा आफ्नो विश्वासको बारेमा कुरा गर्न र उहाँलाई प्रार्थना गर्न मद्दत गर्नेछन्। यिनीहरूले तपाईंलाई जीवनमा गलत बाटो जानबाट मार्गदर्शन गर्न मद्दत गर्नेछन्। यिनीहरूले तपाईंलाई उहाँको पवित्र आत्माको प्रेम र शक्तिद्वारा परमेश्वरलाई प्रसन्न पार्ने जीवन जिउन मद्दत गर्नेछन्। यो येशूको क्रूसीकरण र पुनरुत्थान पछि सबै विश्वासीहरूलाई प्रतिज्ञा गरिएको थियो जसले उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भनी विश्वास गर्दछन्।

**हामी प्रार्थना गर्दछौं** कि तपाईंले परमेश्वरमा भरोसा गर्दै, बाइबल पढ्दै र यी टिप्पणीहरू प्रयोग गर्दै जीवनमा नयाँ शान्ति र उद्देश्य पाउनुहुनेछ। तपाईंले परमेश्वरबाट आएको पुरानो र नयाँ करारको सत्यता अध्ययन गर्दा, येशूले सिकाउनुभएको र तपाईंको मुक्तिको लागि २००० वर्ष अघि भोग्नुभएको कुराहरू र उहाँको आगमनको लागि मार्ग तयार पार्न आज तपाईंलाई भन्न र गर्न आह्वान गरिरहनुभएको कुराहरूको बारेमा सोच्नुहोस्।

**मन्ना प्रकाशन**

## आधारभूत बाइबल शिक्षा टिप्पणीहरू

**परमेश्वरका राज्यको रहस्य तिमीहरूलाई दिइएको छ । (मर्कूस ४:११)**